ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५ औं वर्ष

सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २८८ ॥ बुधबार २५ चैत २०८२ ॥ षष्ठी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Wednesday 08 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

पेट्रोलियम पदार्थको मूल्यमा ५० प्रतिशत करछुट दिने मन्त्रिपरिषद्को निर्णय

सन्देश संवाददाता

काठमाडौं/सरकारले पेट्रोलियम पदार्थमा ५० प्रतिशत भन्सार छुट दिने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले पेट्रोल, डिजेल र मट्टितेलको मूल्यमा लाग्दै आएको भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट प्रदान गर्ने निर्णय गरेको हो।

हाल सरकारले पेट्रोलमा प्रतिलिटर २५ रुपैयाँ २३ पैसा, डिजेल र मट्टितेलमा १२ रुपैयाँ ३ पैसा, हवाई इन्धनमा २ रुपैयाँ १३ पैसा र ग्यासमा प्रति सिलिण्डर ९० रुपैयाँ ८१ पैसा भन्सार शुल्क लगाएको छ। यस्तै सरकारले पूर्वाधार निर्माण कर अन्तर्गत पेट्रोल र डिजेलमा प्रतिलिटर १०/१० रुपैयाँ बढी शुल्क असुल्दै आएको छ।

मन्त्रिपरिषद्को यो निर्णयपछि अब पेट्रोलको भन्सार महसुल १२ रुपैयाँ ६१ पैसा, डिजेल र मट्टितेलमा ६ रुपैयाँ, हवाई इन्धनमा १ रुपैयाँ ६ पैसा र ग्यासमा ४५ रुपैयाँ ४० पैसा र पूर्वाधार निर्माण कर अन्तर्गत पेट्रोल र डिजेलमा प्रतिलिटर ५/५ रुपैयाँ शुल्क कर छुट हुनेछ।

उद्योगी/व्यवसायीलाई अन्याय होईन सहजिकरण गर्नुपर्छ : मुख्यमन्त्री बानियाँ

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रले सँगसँगै मिलेर काम गर्नुपर्ने बताए।

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको नवौ प्रदेश सभा तथा अधिवेसनको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन्। राज्यले उद्योगी व्यवसायीलाई अन्याय गर्नु राज्यको धर्म होइन, राज्यले त उनीहरुलाई सहजिकरण गर्नुपर्नेमा जोड दिए।

व्यापारमा नाफा नोक्सान हुन्छ उनले अगाडि भने, लोकको हितमा काम गर्ने भएको लोकतन्त्र भनेको हो लोकतन्त्रवादीले अन्याय गर्ने हुँदैन। अन्याय गर्नेले समय अनुसार भोग्दै जानुपर्छ। लोकतन्त्रमा गल्ती गर्ने कसैलाई छुट हुँदैन।

उनले हेटौंडामा सडक विस्तारका क्रममा प्रभावितहरुलाई संघीय सरकार र राष्ट्र बैंकले ऋण र व्याजमा सहुलियत प्रदान गर्नुपर्ने बताए। उनले भने, हेटौंडाको बजार भत्काउँदा सरकार अलि निर्दयी भयो कि व्यवस्थितरुपमा काम गरिएनकी भन्ने गुनासो छ। त्यो गुनासो जायज हो भन्ने पनि छ गुनासोको संघीय सरकारबाट व्यवस्थापन आवश्यक छ।

मुख्यमन्त्री बानियाँले अहिलेको संघीय सरकार जनताले ठुलो अपेक्षा गरेको सरकार, निजी क्षेत्रले पनि अपेक्षा गरेको सरकार हो। यो सरकारले जनताको कुरा सुन्नुपर्छ सुनिएन भने अन्याय हुने बताए। बुलेटबाट होइन, व्यालेटबाट आएको यो सरकारले नागरिकको जायज आवाज सुन्नुपर्छ।

उनले शासन चलाउँदा भयरहित पारदर्शी र स्वतन्त्र भएर चलाउनु पर्ने भन्दै सरकार निर्दयी हुनुहुँदैन कठोर भने हुनुपर्ने बताउदै कानुन अनुशासन पालना गराउनुपर्ने बताए। बागमती प्रदेश अध्यक्ष दिलसुन्दर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकालगायतको आतिथ्यता रहेको थियो। कार्यक्रममा महासंघका बागमती प्रदेशका संस्थापक अध्यक्ष दिनेश श्रेष्ठलाई सम्मान गरिएको थियो। महासंघको निर्वाचन आगामी ३० गते हुदैछ।

नेउवा महासंघ बागमती प्रदेशमा अध्यक्षमा श्रेष्ठ र उपाध्यक्षमा अग्रवाल

सन्देश संवाददाता

हेटौंडा/नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश अध्यक्षमा वेदबहादुर श्रेष्ठ निर्वाचित भएका छन्। मंगलबार हेटौंडामा भएको निर्वाचनमा दुर्गाराज श्रेष्ठलाई पराजित गर्दै वेदबहादुर अध्यक्ष निर्वाचित भएका हुन।

सिन्धुपाल्चोक उवा संघका पूर्वअध्यक्ष वेदबहादुरले ६१ दशमलव ०५ प्रतिशत मत प्राप्त गरी निर्वाचित हुँदा दुर्गाराजले ३८ दशमलव ९५ प्रतिशत मत प्राप्त गरेका थिए।

सोमबार महासंघको नवौं प्रदेशसभा तथा तेस्रो अधिवेशनको उद्घाटन कार्यक्रम भएको थियो। अधिवेशनबाट तेस्रो कार्यकालको लागि अध्यक्षका रुपमा वेदबहादुर निर्वाचित भएका हुन। पहिलो कार्यकालमा दिनेश श्रेष्ठ थिए भने दोस्रो कार्यकालको अध्यक्ष दिलसुन्दर श्रेष्ठ रहेका थिए। मंगलबार भएको निर्वाचनमा वस्तुगत, एसोसिएट र जिल्ला/नगर गरी २ सय १७ मत खसेको थियो। उपाध्यक्षतर्फ जिल्ला/नगरमा मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्णकुमार अग्रवाल विजयी भए। अग्रवालले मकवानपुरकै थाहा नगर उवा संघका कविराज खत्रीलाई पराजित गरेका थिए।

यसैगरी जिल्ला/नगरतर्फ ३१ मत खस्दा अग्रवालले २१ मत प्राप्त गरे प्रतिद्वन्दी खत्रीले १० मत प्राप्त गरे। एसोसिएट उपाध्यक्षतर्फ कृष्णभक्त श्रेष्ठ सर्वसम्मत निर्वाचित भए। वस्तुगत उपाध्यक्षतर्फ प्रेमहरि मैनाली १४ मतसहित निर्वाचित हुँदा अर्का प्रत्यासी राजकुमार दाहाल पराजित भए। कोषाध्यक्षमा धादिङ उवा संघका पूर्वअध्यक्ष रुद्रबहादुर खत्री ९७ मतसहित विजयी हुँदा जीवनकाजी माकजु श्रेष्ठ ६६ मतसहित पराजित भए।

यस्तै कार्यकारिणी सदस्यमा जिल्ला/नगरतर्फ कृष्णमुरारी न्यौपाने (भक्तपुर), जयप्रकाश श्रेष्ठ (रामेछाप), राजकुमार कँडेल (चितवन), राजन कार्की (काभ्रे-पलाञ्चोक) र सनत थापा (दोलखा) सर्वसम्मत निर्वाचित भए। एसोसिएटतर्फ सदस्यहरुमा उत्तम शर्मा ढकाल (मकवानपुर) र नविन्द्र देवसिं निर्वाचित भए भने कार्यकारिणी सदस्यमै वस्तुगततर्फ ज्योति रत्न बज्राचार्य (मकवानपुर) र सदिश श्रेष्ठ निर्वाचित भए।

निष्क्रिय बैंक खाताको पैसा राज्यकोषमा

सन्देश संवाददाता

काठमाडौं/सरकारले १० वर्षदेखि चल्तीमा नरहेका अर्थात् निष्क्रिय बैंक खाताको रकम राज्य कोषमा ल्याउने घोषणा गरेको छ। प्रधानमन्त्री बालेन्द्र साहको नेतृत्वको मन्त्रिपरिषद् बैठकले पारित गरेको शासकीय सुधारका १०० कार्यसूचीमा यो विषय प्राथमिकता साथ समेटिएको हो।

लामो समयदेखि बैंकमा पैसा राखेर सम्पर्कविहीन भएका वा हक-दाबी गर्न नआएका व्यक्तिहरूको बचत रकमलाई सरकारले विकास निर्माणमा उपयोग गर्ने तयारी गरेको हो। राज्यका निष्क्रिय स्रोतहरूको प्रभावकारी उपयोग गर्न १० वर्ष वा सोभन्दा बढी समयदेखि चल्तीमा नरहेका खाताहरूको विवरण संकलन गरिनेछ। कानुनी प्रक्रिया पूरा गरी यस्तो रकम राज्यकोषमा ल्याइने र अन्य स्रोतहरूको पहिचान गरी व्यवस्थापन गर्ने कार्यलाई सर-कारले तीव्र गतिमा अगाडि बढाउने कार्ययोजनामा उल्लेख गरिएको छ।

निष्क्रिय रकम कति :

नेपाल राष्ट्र बैंकका अनुसार बैंकिङ प्रणालीमा अर्बौं रुपैयाँ निष्क्रिय अवस्थामा छ। राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार निष्क्रिय खाताको परिभाषा र समयसीमाका कारण रकम र खाताको तथ्यांक यकिन गर्न केही समय लाग्ने देखिन्छ बैंकहरूको तथ्यांकअनुसार निष्क्रिय खातामा कुल १ खर्ब ८८ अर्ब रुपैयाँ रहेको अनुमान छ।

तर, राष्ट्र बैंकको निर्देशिका अनुसार करिब डेढ अर्ब रुपैयाँ मात्र पूर्णरूपमा दाबी नपरेको अवस्थामा रहेको अनुमान छ। राष्ट्र बैंकको निर्देशिका अनुसार २० वर्षभन्दा बढी समयसम्म निष्क्रिय रहेका खातामा रहेको रकम राष्ट्र बैंकको विकास कोषमा जम्मा गरिन्छ। २० वर्षभन्दा बढी समयदेखि दाबी नपरेका खातामा मात्र करिब १ अर्ब ६७ करोड रुपैयाँ रहेको पौडेलले जानकारी दिए। सरकारले १० वर्ष सीमा तोकेका कारण यो रकमको आकार अझै घट्ने देखिएको छ।

खाता सक्रिय कसरी गर्ने ?

कानुनी जटिलता :

हालको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ को दफा ११२ मा २० वर्षभन्दा बढी अवधि देखि निष्क्रिय रहेका खाताको रकम बैंकिङ विकास कोषमा जम्मा गर्ने व्यवस्था छ। सरकारले अब यो ऐन संशोधन गरेर २० वर्षको सीमालाई १० वर्षमा झार्ने र उक्त रकम राष्ट्र बैंकको कोषको सट्टा सिधै राज्यकोषमा ल्याउने तयारी गरेको हो। यसका लागि सरकारले थप प्रबन्ध मिलाएर कानुनी प्रक्रिया सरल बनाउनुपर्ने आवश्यकता रहेको पौडेलको भनाई छ।

दुरुपयोग रोक्न सुरक्षित कदम :

राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक तथा अर्थशास्त्री नरबहादुर थापाका अनुसार यो कदम स्वागतयोग्य छ। लामो समयदेखि चल्तीमा नभएका खाताको पैसा बैंकका कर्मचारी वा अन्य व्यक्तिले दुरुपयोग गर्ने जोखिम सधैं रहन्छ। "कुनै व्यक्ति वा संस्थाले रकम दुरुपयोग गर्नुभन्दा यस्तो रकम राज्य कोषमा जानु राज्यको लागि उचित हुन्छ," उनले भने। यस्तो रकम राज्यको नियन्त्रणमा हुनु निक्षेपकर्ता र सरकार दुवैका लागि सुरक्षित मानिने उनको भनाई छ। "यो रकमको सदुपयोग गरेर सरकारले शिक्षा, स्वास्थ्यलगायत पूर्वाधार विकासमा खर्च गर्छ, जसले सबै नागरिकको जीवनस्तरमा सुधार आउँछ," उनले भने।

साथै सरकारले यो निर्णय गरेर सर्वसाधारणलाई सुचना दिने काम गरेको उनको भनाई छ। सरकारको यो निर्णय सुनेर लामो समयदेखि बैंक खाता निष्क्रिय राखेका ग्राहकहरूले सरकारले पैसा लैजान्छ भनेर फेरि सक्रिय गर्ने वा खाता बन्द गर्ने कार्य गर्न सक्ने उनको विश्वास छ। यसले एकातिर स्रोतको सदुपयोग हुन्छ भने अर्कोतिर बैंकिङ प्रणालीमा पारदर्शिता बढ्ने विश्वास लिइएको छ।

के छ खाता सक्रिय बनाउने प्रक्रिया :

धेरै नागरिकलाई आफ्नो वा आफ्ना दिवंगत आफन्तको खातामा पैसा भएको जानकारी नहुन सक्छ। बैंकको नियमअनुसार बचत खाता ३ वर्ष र चल्ती खाता १ वर्षसम्म नचलाएमा निष्क्रिय हुन्छ। यदि खाता यस्तै कारणले निष्क्रिय भएको छ भने यसलाई पुनः सञ्चालन गर्न केही सरल प्रक्रियाहरू अपनाउन सकिने केन्द्रिय बैंकका प्रवक्ता पौडेलले बताए।

उनका अनुसार सबैभन्दा पहिले सम्बन्धित बैंकमा गएर आफ्नो ग्राहक पहिचान विवरण अर्थात् (केवाईसी) अद्यावधिक गर्नुपर्ने हुन्छ। बैंकमार्फत् आवेदन दिएमा राष्ट्र बैंकको बैंक विकास कोषमा जम्मा भएको रकमसमेत फिर्ता पाउन सकिन्छ। त्यसपछि उक्त खाताबाट कारोबार गरेमा खाता पुनः सक्रिय हुन्छ। यसका साथै अनलाइन प्रणालीबाट परिचय खुल्ने प्रमाणपत्र पेश गरेर पनि खाता सुचारु गर्न सकिने उनले जानकारी गराए।

असमानता समाधानबारे प्रदेशस्तरीय कार्यशाला गोष्ठी

सन्देश संवाददाता

हेटौंडा/हेटौंडामा युवाहरुमा हुने असमानता बारे सरोकार वालाहरुसग छलफल भएको छ। गैरसरकारी महासंघको आयोजना र अक्सफामको सहकार्यमा कार्यक्रम भएको हो। कार्यक्रममा बोल्दै गैसस महासंघकी महासचिव देवी खड्काले धर्म, जात, बर्ग, लिङ्ग, भुगोलका आधारमा असमानता बढेकोले युवाहरु स्वदेशमा काम गर्नी बस्नी भन्दा पनि बिदेशलाई रोजगारको गन्तव्य बनाउन थालेको भन्दै चिन्ता व्यक्त गरिन्। यस्तै उपमहासचिव किरण थापाले नागरिक आवाजलाई बुलन्द बनाउन आवश्यक रहेको बताए।

नेपालमा केही भएन भन्नुभन्दा धेरै कुरा भएको छ तर त्यो पर्याप्त मात्रामा नभएकोले नागरिकहरुले संघर्ष गर्नुपर्ने कुरामा जोड दिए। यस्तै काठमाडौं बिश्वविद्धयालयकी असिस्टेन्ट प्रोफेसर डाक्टर रुपा मुनाकर्मीले बिश्वमा धनिहरु बढेको र उनिहरुले पैसालाइ कब्जामा राखेका छन्। शिक्षा, स्वास्थ्य, रोजगारको क्षेत्रमापनि पहुँच भएका व्यक्तीहरुको दबदबा भएको बताइन्। उनले भनिन्, भन्नलाइ सबैलाई समान हक, अधिकार, भनिएको छ त्यो संविधान दफा र धारामा मात्र सिमित छ सबै कुरामा असमानता, बिभेध, हिंसा बढेको बढेकै छ।

कहिले जातिको नाममा, कहिले भूगोलको फरकपनले, कहिले धर्मको आडमा, महिला भएकै कारणले, दलित अशिक्षित, गरिब, चेतना कम भएको मानिसहरुले धेरै आसमानता बढेको छ यो रोक्नु हामी सबै नागरिक समाजको कर्तव्य हो डाक्टर रुपा मुनाकर्मीको भनाइ छ। कार्यक्रममा बोल्नेक्रममा गैसस महासङ्घ बागमती प्रदेश अध्यक्ष कमलकुमार विश्वकर्माले बसाइ सर्ने र बिदेशीने युवाहरुलाइ रोकन नसक्नु हाम्रा कमजोरी भैर खेका छन् भने। उनले अवसरमा समानता हुनुपर्ने कुरामा जोड दिए।

यसैगरी कार्यशालामा सहभागी गापा सदस्या, बिबिन्न संघ संस्था, शिक्षक, अपांग महासङ्घ लगायत संघसंस्थाका प्रतिनिधिहरुले असममानता हट्नुपर्ने कुरामा जोड दिएका थिए। यस्तै युवा सहभगितालाइ हरेक क्षेत्रमा बढाउनुपर्ने धारणापनि सहभागीबाट उठेको थियो। कार्यक्रममा उठेका सवाललाई बिश्व्यापी सवाल बनाउने उद्देश्यले कार्यक्रम गरिएको गैसस बागमती प्रदेश अध्यक्ष कमलकुमार बिश्वकर्माले बताए। कार्यक्रममा गैसस केन्द्रिय सचीव बुद्धशरण लामा, बागमती प्रदेश पुर्व अध्यक्ष आरती पाटक, प्रदेश सचिव नरेश श्रेष्ठ, प्रदेश सदस्य आरसी न्यौपाने लगायतको उपस्थिति रहेको थियो।

निजी मिडियामा विज्ञापन रोक्ने निर्णयविरुद्ध युनियनको बिरोध

सन्देश संवाददाता

काठमाडौं/नेपाल प्रेस युनियनले सरकारी विज्ञापन निजी मिडियामा प्रकाशन-प्रसारण गर्न रोक लगाउने सरकारको निर्णयविरुद्ध देशव्यापी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ।

युनियनका महासचिव दिलीप पौडेलद्वारा जारी परिपत्रमार्फत् नेपाल प्रेस युनयनका सबै प्रदेश, जिल्ला शाखाहरु तथा प्रतिष्ठान शाखाहरू लाई सरकारी विज्ञापन रोक्दा नीजि मिडियामा पर्ने असरका बारेमा अन्तरक्रिया कार्यक्रम ७ दिनभित्र आयोजना गरी प्रतिवेदन केन्द्रमा पठाउन निर्देशन दिइएको हो।

प्रधानमन्त्री तथा मन्त्रिप-रिषद् कार्यालयले हालै जारी गरेको निर्देशनअनुसार सबै प्रकारका सरकारी विज्ञापन, सूचना तथा सार्वजनिक खरिदसम्बन्धि जानकारी सरकारी स्वामित्वका सञ्चार माध्यमबाट मात्र प्रकाशन-प्रसारण गर्नुपर्ने व्यवस्था गरिएको छ। उक्त निर्णयले निजी तथा स्वतन्त्र मिडियामा गम्भीर आर्थिक संकट निम्त्याउने, रोजगारी गुम्ने, सञ्चार गृह बन्द हुने तथा सूचनाको बहुलता घट्ने जोखिम रहेको युनियनका महासचिव पौडेलले बताए।

युनियनले देशभरका सबै जिल्ला शाखा, प्रतिष्ठान शाखा, प्रदेश समितिलाई अन्तरक्रिया कार्यक्रम आयोजना गर्न निर्देशन दिएको छ। कार्यक्रममा मिडिया सञ्चालक, सम्पादक, पत्रकार, विज्ञापन एजेन्सी, कानुनविद् तथा सञ्चार विज्ञहरू लाई सहभागी गराई सरकारी निर्णयको प्रभावबारे व्यापक छलफल गरिने जनाएको छ। साथै, छलफलबाट प्राप्त निष्कर्ष, सुझाव र सिफारिससहितको प्रतिवेदन २०८२ चैत ३० गतेभित्र केन्द्रीय कार्यालयमा पठाउन आग्रह गरिएको छ।

सरकारको निर्णयले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष असर पर्ने नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले बताए। "सरकारी विज्ञापनलाई पूर्ण रूपमा सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्नु प्रतिस्पर्धात्मक मिडिया वातावरणविरुद्धको कदम हो," उनले भने, "यसले निजी मिडि-याको अस्तित्वमै चुनौती सिर्जना गर्छ र नागरिकको सन्तुलित सूचना पाउने अधिकारसमेत कमजोर बनाउँछ।"

युनियनले पारदर्शी विज्ञापन वितरण प्रणाली, मितव्ययिता कायम गर्दै निजी मिडियालाईसमेत समेट्ने नीतिगत व्यवस्था गर्न माग गरेको छ। सरोकारवालाको सहभागितामा ठोस सुझाव देशभरबाट संकलन गरेर तयार गरी सरकारसमक्ष प्रस्तुत गर्ने युनियनले जनाएको छ।

लागुऔषधसहित २ भारतीय पक्राउ

काठमाडौं/काठमाडौंको गौशाला-पिंगलास्थान क्षेत्रबाट लागूऔषध कारोबारको आशंकामा दुई भारतीय नागरिक पक्राउ परेका छन्।

मध्यराति लागुऔषध नियन्त्रण ब्युरोको टोलीले गोली चलाएर दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको हो। पक्राउ परेकाहरू लागुऔषध कारोबारमा संलग्न रहेको आशंका गरिएको छ। उनीहरू सवार गाडीसमेत नियन्त्रणमा लिइएको जनाइएको छ। घटनाबारे थप अनुसन्धान भई रहेकोले विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ।

रोशी पुगेर गृहमन्त्रीले भने:

अवैध सबै क्रसर बन्द गर्नू

काठमाडौं/गृहमन्त्री सुधन गुरूङले अवैधरूपमा सञ्चालित सबै क्रसर उद्योगहरु तत्काल बन्द गर्न निर्देशन दिएका छन्।

मंगलबार काभ्रेको रोशी खोला पुगेका मन्त्री गुरूङले अवैधरूपमा सञ्चालित सबै क्रसर बन्द गर्न निर्देशन दिएको उनको सचिवालयले जानकारी दिएको छ।

'अवैध क्रसर उद्योग सबै तुरून्त बन्द गर्नू,' उनले भनेका छन्, 'नदीजन्य पदार्थ (ढुंगा, गिटी र बालुवा) अवैध रूपमा उत्खनन् गर्दा बाढी पहिरो गयो।' २०८१ असोजमा रोशी खोलामा बाढी गएको थियो। त्यसले बिपी राजमार्गका करिब २५ किमी क्षति पुर्‍याएको थियो।

पहिलेका राजनीतिक दल-हरूले ठेक्कापट्टामा सेटिङ मिलाएर अवैधरुपमा क्रसर सञ्चालन गर्न दिएको र अब यस्तो नहुने पनि गृहमन्त्रीको भनाइ थियो।

वर्तमान क्रसर उद्योग दर्ताको मापदण्डअनुसार दर्ता भएका उद्योगहरु निकै कम मात्रामा रहेकोले पनि उद्योगहरुले माथिसम्म पहुंच पुर्‍याउदै उद्योगहरु सञ्चालन गर्दै आएका थिए।

बागमती प्रदेश सभा

जेन-जी आन्दोलनपछिको पहिलो प्रदेशसभा बैठक सुरु

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-२ स्थित उपमहानगरपालिकाको सभाहलमा बसेको मंगलबारको बैठकसँगै बागमती प्रदेशसभाको बजेट अधिवेशन औपचारिकरूपमा सुरु भएको छ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले चैत २४ गते मंगलबार दिउँसो ४ बजेका लागि प्रदेश सभा बैठक आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो।

बैठकमा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, प्रमुख प्रतिपक्ष दलका नेता शालिकराम जम्मकटेल तथा नेकपा एमालेका संसदीय दलका नेता जगन्नाथ थपलियालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। जेन-जी आन्दोलनका क्रममा हेटौंडा-१० स्थित प्रदेशसभा भवनमा आगजनी गरिएको थियो। आगामी बैठक बस्ने भवनमा समेत क्षति पुगेको भएता पनि सभाहलको मर्मतपछि बैठक सञ्चालनमा ल्याइएको छ।

सरकारले प्रादेशिक संरचनाका लागि आवश्यक जग्गा व्यवस्थापन पछि एकीकृतरूपमा भवन निर्माण गर्ने तयारी गरेको जनाएको छ। सरकारका प्रवक्ता तथा आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङका अनुसार चालु आर्थिक वर्षभित्रै प्रदेशसभाका भवनसहित प्रादेशिक संरचना निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

यसैबीच, अधिवेशन सुरु भएको दुई हप्ताभित्र सभामुख चयन गरिने जानकारी पनि बागमती प्रदेश सरकारले दिएको छ। सत्तारुढ दलहरुबीच सभामुख चयनका विषयमा हालसम्म पनि सहमति जुट्न सकेको छैन। जेन-जी आन्दोलनपछि तत्कालीन सभामुख भुवन पाठकले राजीनामा दिएसँगै उक्त पद रिक्त रहेको छ।

कांग्रेसभित्रको आन्तरिक विवादपछि इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री बनेपछिको यो पहिलो प्रदेशसभा बैठक हो, जसलाई आगामी राजनीतिक दिशा निर्धारणका लागि महत्वपूर्णरूपमा हेरिएको छ। प्रदेश सभाको अर्को बैठक आज बुधवार बिहान ११:०० बजे बस्नेछ।

राक्सिराङमा बृहत एकीकृत शिविर

सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको राक्सिराङ गाउँपालिका वडा नम्बर ८ स्थित नवजीवन आधारभूत विद्यालय पाम्बुङमा बृहत एकीकृत घुम्ती शिविर सम्पन्न भएको छ। सेवा पाउने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' अभियानअन्तर्गत सोमबार आयोजना गरिएको बृहत एकीकृत घुम्ती शिविरका क्रममा देवीटार-गोङ्याङ-पाङथली हुँदै सिलिङ्गे जोड्ने सडकको गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले उद्घाटन गरेका हुन्।

तीन वटा सडक अनुगमनसँगै कृषि तथा पशुपन्छीतर्फ घाँसको बिउ र औषधी १४१ जना, तरका-रीको बिउ १४१ जना र मिनी टिलर दुई थान वितरण गरिएको अध्यक्ष मल्लले जानकारी दिए। २१५ जना स्वास्थ्य परीक्षण गरी आयुर्वेदिक औषधी र पाँच जनालाई अपाङ्गता कार्ड वितरण गरिएको छ।

आगलागी तथा हुरीबतासबाट पीडित दुई घरधुरीलाई चार बण्डल जस्तापाता वितरण, छ जना जेष्ठ नागरिकलाई सम्मान, पोषण स्वछता सामाग्री २५ जनालाई र २२५ जनाले स्वास्थ्य परीक्षण गराएका छन्। त्यस्तै, लैंगिक तथा घरेलु हिंसा र कानुनी उपचारसम्बन्धी वडास्तरीय कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, प्रशासकीय प्रमुख सन्देश मास्के, वडा नम्बर ८ का वडाध्यक्ष हविल प्रजा, वरिष्ठ शाखा अधिकृत गोविन्द अधिकारीलगायतको आतिथ्यता रहेको थियो।

उखान: हाँसको चाल न बकुल्लाको चाल ।

।।।। बेलाको बोली ।।।।

भिड जहिले पनि त्यही बाटोमा हिँड्छ, जुन बाटो सजिलो छ। तर, यसको मतलब यो होइन कि भिड सधैं सही बाटोमा हिँड्छ। – *अज्ञात*

हेटौंडा सन्देश

सम्पादकीय

बेथिति रोकौ

नेपालमा योजनाबद्ध विकास प्रक्रिया शुरु भएको ७ दशक पूरा हुँदैछ । बिगतलाई फर्केर हेर्दा हाम्रो विकासको गति निकै मन्द र सुस्त छ । एउटा पुल निर्माण गर्न राम्ररी काम गर्ने हो भने ६ महिना पनि लाग्दैन तर नेपालमा दश वर्षसम्म पनि यस्ता काम नभएका धुप्रै योजना छन् । यहाँ त कतिपय ठाउँमा ठेक्का होल्ड गरेर काम नगर्ने प्रवृत्ति छ भने कतिपय ठाउँमा सरकारी रवैया र भुक्तानी प्रक्रियासमेत ठीक नहुँदा विकास निर्माणमा चरम लापरवाही र बदमासी हुने गरेको देखिएको छ । मुलुकको स्थायी सरकार मानिने कर्मचारी प्रशासनमाथि विभिन्न प्रश्नहरु उठ्ने गरेका छन् । उनीहरुमा पर्याप्त गम्भीरता र इमानदारिता नहुँदा पनि विकृति विसंगति फैलिएको हो । निर्माण कम्पनीले सहनढंगले काम गर्ने वातावरण बनाउनेतर्फ ध्यान दिएको पाइन्न, बरु उनीहरुलाई दुःख दिने गरेको गुनासो सुनिन्छ ।

नेपालमा विकासको गतिलो र राम्रो मोडेल नै स्थापित हुन सकेन । उपभोक्ता समिति बनाएर जनस्तरबाट गरिने काममा समेत राजनीतिक भागबण्डा र चरम बेथिति छ । हाम्रो विकास निर्माणको दूलो रोग समयमै बजेट खर्च नहुने समस्या पनि एक हो । विकास बजेटको दूलो हिस्सा भ्रष्टै पचास प्रतिशत रकम असार महिनामा खर्च गर्ने प्रवृत्तिमा कुनै सुधार आउन सकेको छैन । "असारे विकास" को रुपमा यो प्रवृत्ति निकै बदनाम भइसकेको छ । अन्तिम समयमा काम गरेर बजेट सिध्याउनुका पछाडि भ्रष्टाचार गर्ने मनसाय लुकेको प्रष्ट छ । यो खुला सत्य नरुने भइसकेको छ । तर, यसलाई रोक्ने काम कतैबाट हुन सकेको छैन । नताकतै तरमाराहरुको बोलबाला भएकोले यस्तो विकृत अभ्यासले लामो समयदेखि निरन्तरता पाइरहेको छ ।

अबका दिनमा कम्तिमा पनि सुधारको दिशातर्फ अगाडि बढ्न बिलम्ब नगरौं । नयाँ सरकारले केही सकारात्मक काम गर्ने प्रयास थालनी गरेको छ, जो सराहनीय छ । तर, शुरुमै धेरै दौडन थालियो भने बीचमै लड्ने वा दुर्घटनामा पर्ने संभावना अत्यधिक रहन्छ भन्ने कुराको हेक्का राख्न जरुरी छ । साथै कामको प्राथमिकता निर्धारण गर्ने विषय महत्वपूर्ण रहन्छ । विकास निर्माणमा लामो समयदेखि भइरहेको बेथिति अन्त्य गर्ने कुरालाई वर्तमान सरकारले उच्च प्राथमिकतामा राख्नुपर्छ । सरकारले जनताले देख्ने गरी कामको थालनी गरोस् भन्ने आमजनचाहना छ ।

मकवानपुरमा आज

१: बागमती प्रदेश उद्योग परिसंघको पाँचौ साधारणसभा तथा तेश्रो अधिवेशन बिहान ११:३० बजे मोटल एभोकाडोमा ।

तपाईको आज

मेष व्यापार बढ्नाले मनग्य लाभ हुनेछ । उठनुपर्ने रकम हातलागी हुनेछ । अप्ठ्यारा परिस्थितिलाई समेत तथा मनोरञ्जनको समय छ ।

वृष घर-परिवारमा असमझदारी बढ्न सक्छ । फजुल खर्च बढ्नेछ भने काममा पनि उल्झन आउन सक्दछ भने आधातसम्म पुग्न सक्नेछ ।

मिथुन बेसुरमा बचन दिने बानीले व्यवहार-रमा अप्ठ्यारो पर्न सक्छ । निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला

कर्कट स्वास्थ्य-चिन्तालें अध्ययनमा बाधा हुनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला । मिहिनेत गर्दा फल प्राप्त हुन उचित समय पर्खनुहोला ।

सिंह अवसर हातपार्न निकै मेहनत गर्नुपर्ला बलमन्दा बुद्धिको उपयोगले लाभ दिलाउनेछ । व्यावहारिक अलमलले मुख्य काममा बाधा पुऱ्याउन सक्छ ।

कन्या कुनै अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा योजना पूरा नहुन सक्छ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् ।

तुला परिश्रम परे पनि लक्ष्य प्राप्त हुने समय छ । शत्रु र रोगबाट भने सजग रहनुपर्ला । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ ।

वृश्चिक लगनशीलताले समाधान दिलाउन नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा फाइदै विरोधीहरूले दुःख दिनेछन्, सजग रहनुहोला ।

धनु अवसरले पछ्याए पनि मौकाको फाइदा उठाउन निकै मिहिनेत गर्नुपर्ला । स्वास्थ्यका लागि खानपान र विश्राममा ध्यान पुऱ्याउनुहोला ।

मकर रमाइलो भेटघाटले नयाँ अवसर पनि जुटाउन सक्छ । भौतिक साधन जुटनाले पेसा-व्यवसायमा उत्साह जनक परिवर्तन आउनेछ ।

कुम्भ लाभप्रद कामले लोभ्याए पनि फजुल खर्च हुन सक्छ । अवसरका लागि कडा परिश्रम गर्नुपर्ला देश-विदेशको यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ ।

मिन मिहिनेतको परिणाम भने राम्रै हुनेछ । प्रतिष्ठित काम सम्पादन गर्न सकिनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७०३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

विकासको व्यग्र प्रतीक्षामा जनता

रत्न प्रजापति

नेपाल र नेपालीले भोगिरहेको अविकासको मूल कारण राजनीतिक र नीतिगत अस्थिरता हो। राजनीतिक र नीतिगत अस्थिरताकै कारणा नेपालका विकासका नीति, कार्यक्रम तथा योजनाहरूले निरन्तर प्रभावित हुँदै आएका हुन्। आवधिक योजनाको सात दशकको अवधिमा पनि विकासले फड्को मार्न नसक्नुमा राजनीतिक र नीतिगत अस्थिरता नै मूल कारणको रूपमा रहँदै आएका छन्। देशका विकास विद्, अर्थविद्, समाजविद र राजनीति विद् सबैले यस्तै भन्दै आएका छन्।

आवधिक योजना कार्यान्वयनका क्रममा खर्बौंको बजेट सकेर पनि अनुभूति गर्न लायकको विकास हुन नसक्नुको मूल कारण राजनीतिक र नीतिगत अस्थिरता नै हो भन्दा अतिशयोक्ति हुँदैन। जुनसुकै राजनीतिक परिवर्तन र व्यवस्था परिवर्तन भए पनि राजनीतिक नेतृत्वमा परिवर्तन हुन नसक्नु, पटक-पटक उही पात्र र उस्तै आचरणको पुनरावृत्ति र सरकार परिवर्तन हुनासाथ नीति परिवर्तन गर्ने परिपाटीले कुनै कुरामा पनि कहिल्यै स्थिरता कायम हुन सकेन।

राजनीतिक दलहरूमा राजनीतिक संस्कार र जवाफदेही व्यवहारको अभाव टड्कारो देखियो। सत्ता र शक्तिका लागि सधैं संघर्ष चलिहरने, सत्तामा हुँदा एक किसिमको बोली र व्यवहार अनि सत्ता-बाहिर रहँदा अर्को बोली र व्यवहार गर्ने राजनीतिक परिपाटीले राजनीतिलाई कहिल्यै स्थिरता दिन सकेन। सत्तापक्ष र प्रतिपक्षबीचको असमझ-दारी र असहयोग, सरकार र सत्तापक्षको हरेक क्रियाकलापको प्रतिपक्षले सधैं नकारात्मक र आलोचनात्मक दृष्टिकोणले मूल्यांकन गर्ने परिपाटी, सरकार र सत्तापक्षले पनि प्रतिपक्षको खबरदा-रीलाई बेवास्ता गर्दै आफ्खुसी नीतिनिर्माण र निर्णय गर्ने परिपाटी आदिले गर्दा राजनीति, सरकार र सरकारी नीतिहरूमा पनि कहिल्यै स्थिरता भएन।

नयाँ सरकार बनेकै दिनदेखि सरकार ढाल्ने कसरत गर्ने परिपाटीले राजनीतिक अस्थिरताले निरन्तरता पाएजस्तै सरकारले सरकार बनेकै दिनदेखि पुराना नीतिहरूलाई फेरबदल गर्ने, नयाँ नीति बनाउन थाल्नाले नीतिगत अस्थिरताले पनि निरन्तरता पाउँदै आयो। यसले गर्दा कुनै नीति, कार्यक्रम तथा योजना कार्यान्वयनमा सुनराता भएन र भएका नीति, कार्यक्रम र योजनाहरू पनि प्रभावकारी हुन सकेनन्। परिणामतः आवधिक योजनाका लक्ष्य र उद्देश्यहरू पूरा हुन सकेनन्। सरकारका वार्षिक नीति तथा कार्यक्रम- हरूका लक्ष्य र उद्देश्य पनि पूरा हुन सकेनन्। सधैं अपुरा र अधुरा रहेका सर कारका नीति, कार्यक्रम तथा योजनाहरूले विकासलाई गति दिन सकेनन् र जनताको विकासको अपेक्षा पनि कहिल्यै पूरा हुन सकेन।

बिगतमा स्वदेशी तथा विदेशी सबै किसिमका ठूला लगानीकर्ताहरूले राजनीतिक स्थि-रता कायम होस् र लगानीमैत्री वातावरण भुजला होस् भन्ने अपेक्षा थियो। देशभित्रका उद्योगी-व्यवसायीहरूले पनि उद्योग व्यवसायमैत्री वातावर-रण निर्माण होस् भन्ने चाहँदै आए। पटक-पटकको राजनीतिक आन्दोलन, सरकार परिवर्तन, सत्ता संघर्ष, निजी क्षेत्रमाथिको सरकारी अविश्वास र कुदृष्टि, राजनीतिक संरक्षणको आडमा हुँदै आएको चरम भ्रष्टाचार र कुशासन आदिले गर्दा विकासको प्रयास र नेपालीको विकासको चाहना र विकासको सपनामाथि कुठाराघात हुँदै आएको सत्य अब कसैगरी लुक्दैन र लुकाउन सकिँदैन।

हिजोका दिनमा व्यवस्था परिवर्तनका लागि दलहरुले आन्दोलन गर्थे । तर, पछिल्लो समय राजनीतिभित्र मौलाएको विसंगतिको परिणाम स्वरूप राजनीतिमै परिवर्तनका लागि गैरराज-नीतिक तह र तप्काबाट आन्दोलन गर्नुपर्ने बाध्यात्मक परिस्थिति श्रृजना भयो । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन यसको एउटा ज्वलन्त उदाहरण हो। वर्षौंदेखि मौलाएको राजनीतिक विसंगतिबाट प्रताडित नेपाली जनताले त्यो विसंगति अन्त्यका लागि पटकपटक खबर दारी गर्दा पनि नेतृत्व तहले त्यसलाई बेवास्ता गर्दै आयो। राजनीति र राजनीतिक नेतृत्वप्रतिको चरम वितृष्णा, निराशा र आक्रोशले अन्ततः युवापुस्ता आन्दोलित हुनैपर्ने परिस्थिति निर्माण हुँदै आयो। सरकारका अन्यत्रै गैरजिम्मेवार क्रियाकलाप र नेतृत्वको पनि उस्तै गैरजिम्मेवार कार्यशैलीबाट हायलकायल भएका युवापुस्ता आन्दोलित हुँदाको परिणति हो भदौ २३ र २४ गतेको त्यो आन्दोलन अथवा त्यो विद्रोह, जसले दुई दिनमै सत्तापलट गरिदियो।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा आमनेपाली नागरिकको वर्षौंदेखिको परिवर्तनको चाहना पनि प्रतिबिम्बित भएको छ। युवाले नै युवाको आकांक्षालाई बुझ्न सक्छ र त्यसलाई सम्बोधन गर्न सक्छ भन्ने भाष्यको निर्माण गर्दै आएका युवाले अन्ततः आफ्नै अभिमतले युवा प्रतिनिधिको चयन गरेका छन्। सफलतापूर्वक सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा अधिकांश युवाले विजय हासिल गर्नुमा युवाको चाहना र भावना मुखरित भएको अर्थमा विश्लेषण गर्न बाँकी छ। युवाकै चाहना र युवाकै अभिमतमा दोशाना नयाँ राजनीतिक परिवर्तन सम्भव भएको छ। युवाले चाहेको युवाकै सहभागितामा सरकार गठन भएको छ। अब राजनीतिक स्थिरताको पनि आशा र अपेक्षा हवात्तै बढेको छ। बिगतमा जस्तो राजनीतिक सत्ता र शक्तिका लागि राजनीतिक दाउपेच नचल्ने, भ्रष्टाचारको अन्त्य हुने र सुशासन कायम हुने आशा र अपेक्षाले जनतामा नयाँ उत्साह छाएको छ। विकासप्रतिको आशा र भरोसा पनि जागेको छ।

युवा अभिमतले देशमा एउटा नयाँ राजनीतिक इतिहासको निर्माण भएको छ। नेपालको संसदीय व्यवस्थामा दुर्लभ मानिने झण्डै दुईतिहाइको बहुमतले सरकार बनाउने अवसर यसपटक युवा आशा र भरोसाको केन्द्र बनेको राजनीतिक पार्टी राष्ट्रिय स्वतन्त्र पार्टीले प्राप्त गरेको छ। अब उसले चाहेमा देशमा आमूल परिवर्तन गर्न सक्छ। विशेषतः युवाको अभिमतले देशमा राजनीतिक परिवर्तन त भइ नै सकेको छ, अब सरकारले विकासमा पनि नयाँ परिवर्तनको अनुभूति गराउने जिम्मेवारी पाएको छ। यो नयाँ परिवेशमा सरकारले विकासलाई पहिलो प्राथमिकतामा राखेर नीति, कार्यक्रम र योजना तर्जुमा गर्दै तिनको प्रभावकारी कार्यान्वयनमा आफ्नोई प्रतिबद्ध बनाए मात्रै जनताको विकासप्रतिको आशा र अपेक्षा पूरा हुन सक्नेछ।

झण्डै दुईतिहाइ बहुमतको सरकार बनेको छ। सरकार स्थिर हुने अपेक्षासँगै राजनीति पनि स्थिर हुने आशा बढेको छ। अब राजनीतिमा सधैंभरि उथलपुथल र हलचल हुनेछैन। राजनीति उग्र र अ-राजक बन्नेछैन। राजनीतिक उग्रता र अराजक-ताबाट जनता प्रभावित र प्रताडित हुने छैनन्। सरकारी नीति, कार्यक्रम र योजना प्रभावित हुने छैनन्। भ्रष्टाचारले प्रश्रय पाउनेछैन। सुशासन कायम हुनेछ।

लगानीमैत्री वातावरण बन्नेछ। उद्योग-व्यवसायमैत्री वातावरण बन्नेछ। गरिखानेले गरिखान पाउनेछन्। देशमै केही गरिखान्छु भन्नेले व्यवसायी प्रेमपसादले झैं हार खाएर अन्त्यमा सडकमै आत्मदाह गर्नुपर्ने स्थिति उत्पन्न हुनेछैन। नयाँ उद्योग-व्यवसाय खुल्नेछन्। रोजगारी बढ्नेछ। उत्पादन बढ्नेछ। वस्तु निर्यात बढ्नेछ। श्रम निर्यात घट्नेछ। वस्तु आयात पनि घट्नेछ। वैदेशिक व्यापार घाटा घटेर अर्थतन्त्र जोखिममुक्त र आत्मनिर्भर बन्दै जानेछ। परनिर्भरताको अन्त्य हुनेछ। नेपाल र नेपालीको स्वाभिमान जीवन्त रहनेछ। नेपालको स्वाधीनतामा एकरत्ति पनि आँच आउनेछैन।

अब कसैले भोकै बस्नु पर्ने छैन। कोही भोकै मर्ने छैनन्। उपचार नपाएर कोही अकालमा मर्ने छैनन्। दुर्गम गाउँका गर्भवती महिलाले बाटैमा सुत्केरी हुनुपर्ने छैन। कसैले तुइनबाट खसेर मृत्युवरण गर्नुपर्ने छैन। कोही शिक्षाको उज्यालो घामबाट वञ्चित हुनु पर्ने छैन। कोही बेरोजगार रहने छैनन्। कसैले गरिबी र अभावमा पिल्सिनु पर्ने छैन। विकास र समृद्धिले गति लिनेछ। देश विकसित बन्नेछ। देश समृद्ध बन्नेछ। नेपाली जनताले सुखी र खुसी भएर स्वतन्त्रपुर्वक बाँच्न पाउनेछन्।

परिवर्तित सन्दर्भमा आमनेपाली जनताले यस्तै आशा र अपेक्षा गरेका छन्। यो आशा र अपेक्षा पूरा गर्ने जिम्मेवारी यो सरकारको हो, अबको राजनीतिको हो। राजनीतिमा एकसेप्ट सक्षम र योग्य युवाको प्रवेश भएको छ। सत्ता हाँक्ने जिम्मेवारी पनि योग्य र सक्षम युवाले नै पाएका छन्। यिनै युवाको उज्जालें अब साँच्चै नै देशको आर्थिक तथा सामाजिक क्षेत्रमा नयाँ परिवर्तनको अनुभूति हुनेछ भन्ने आशा र अपेक्षा आमनाग-रिकले गरेका छन्।

बिगतमा सत्तास्वार्थमा जेलिएको राजनीतिले गर्दा स्थिर सरकार बन्ने सकेको थिएन। सरकार बनेकै रातदेखि नै सरकार ढाल्ने खेल सुरु हुने र नयाँ सरकारको परिकल्पना गर्न थाल्ने परिपाटीले छिटोछिटो सरकार परिवर्तन हुने गरेको थियो। जति छिटो सरकार परिवर्तन भयो, उति नै छिटो अघिल्लो सरकारले बनाएका नीति पनि परिवर्तन गर्ने परिपाटीले गर्दा सरकार मात्रै होइन, देशका नीतिनियमहरूमा पनि स्थिरता कायम हुन सकेको थिएन। अस्थिर सरकार र अस्थिर नीतिहरूले गर्दा देशमा लगानी र उद्योग-व्यवसाय मैत्री वातावरणको अभाव निकै खट्किएको थियो। लगानीकर्ताहरू सधैं हच्किनुपर्ने अवस्था थियो। उद्योगी-व्यवसायीहरू निराश हुनुपर्ने अवस्था थियो। लगानी गछुं र उद्योग-व्यवसायी गछुं भन्नेहरूले नेताका घरदैला चहार्नुपर्ने अवस्था थियो।

अबचाहिँ सरकारले स्थिरता पाउँछ र सरकारी नीतिहरूले पनि स्थिरता पाउँछ भन्ने आशा र अपेक्षा बढेको छ। देशमा सरकार स्थिर भइदिए र नीतिहरू स्थिर भइदिए बांकी कुरा आफैं ठीक हुन्छ र देश आर्थिक र सामाजिक दृष्टिकोणले अग्रगमनमा जान्छ भन्ने जनताका आशा र अपेक्षा अबचाहिँ पूरा हुन्छ कि भन्ने भरोसा जागेको छ।

नवगठित सरकारले जनताको आशालाई भरोसामा बदलेर आफ्ना नीतिहरू कार्यान्वयन गरेमा साँच्चै नै देश विकासपथमा लम्कनेछ। अस्थिरताको परिणामस्वरूप वर्षौंदेखि अविकास भोगिरहेका जनताले विकासको सुखानुभूति गर्न पाउनेछन्। जनताले अभूतपूर्व उत्साहका साथ परिवर्तित परिवेशको यो नयाँ सरकारबाट ठूलै आशा र अपेक्षा गरेका छन् र त्यो आशा र अपेक्षा पूरा हुन्छ भन्ने विश्वास पनि लिएका छन्। जनता विकासको व्यग्र प्रतीक्षामा छन्। सरकार यो सत्यलाई मनन् गरेर क्रियाशील हुनु आवश्यक छ ।

साभार : कारोबार दैनिक

दुर्गममा स्वास्थ्य समस्या पहुँच कि चेतना ?

बलिराज बुढा

स्वास्थ्य सेवालाई सर्वव्यापी बनाउने उद्देश्य अनुरूप संघीय संरचना अघि मात्र होइन, पछि आएर भनै बढी देशभर स्वास्थ्य सेवा विस्तार भएको देखिन्छ । पछिल्ला वर्षहरूमा प्रत्येक बडा तथा गाउँमा धेरै स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन भएका छन्। संघीयतापछि स्थानीय सरकारले आफ्नो क्षेत्रमा विभिन्न तहका स्वास्थ्य संस्था तथा अस्पतालको स्थापना र स्तरोन्नति गरेको पाइन्छ।

नेपालको संविधानले स्वास्थ्य क्षेत्रलाई विशिष्ट, अति संवेदनशील तथा अत्यन्तै प्राविधिक विषयकाक्षपमा लिएको छ। देशको ठूलो जनशक्ति स्वास्थ्यकर्मीमा संलग्न रहेको र संविधान प्रदत्त स्वास्थ्यसम्बन्धि अधिकार सुनिश्चित गर्ने लक्ष्य अनुसार तीन तहको सरकार सरकारद्वारा केन्द्रमा केन्द्रीय अस्पताल, प्रदेशमा प्रदेश अस्पताल, जिल्लामा जिल्ला अस्पताल तथा स्थानीय तहमा प्राइमरी अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाइजस्ता संरचनाहरू विस्तार भएका र उनीहरले आफूले सक्दो सेवा प्रदान गरिरहेका छन्।

सडक पहुँच कम हुनु तथा बसोबासको भौगोलिक कठिनाइका कारण स्थानीयस्तरमै जनताले स्वास्थ्य समस्या झेल्नुपरेको अवस्था अझै कायम छ। समयमा रोग पहिचान नहुनु, जटिल रोग पहिचान तथा उपचारका लागि लामो खर्चको अभाव, घरमै थला परेर उपचार रकमको जोहो गर्दै सुविधा सम्पन्न अस्पताल पुग्दा रोग अत्यधिक बल्झिसकेको हुने अवस्था कर्णालीवासीको अझै बाध्यता बनेको छ। यसका कारण धेरैले निको नहुने अवस्थामा मृत्यु पखेँर घर फर्किनुपर्ने भयानक अवस्था भोगि-रहेका छन्।

समयमै लगानी गरी जीवन बचाउनुको सट्टा सबै तहमा जटिल रोग र दुर्घटनाबाट हुने मृत्युको खर्च तिर्दातिर्दै जनता हैरान छन्। शहर र गाउँ दुबै क्षेत्रमा सरुवाभन्दा नसर्ने रोगको प्रकोप बढ्दो क्रममा देखिएको छ। सरुवा रोगका लागि धेरै भ्याक्सिन तथा एन्टिजिन विकास भइसके पनि लुकेर महामारी बनेका नसर्ने रोगका लागि प्रभावकारी योजना तथा रणनीति अझै पर्याप्तरूपमा बन्न सकेको छैन। स्थानीयस्तरका स्वास्थ्य संस्थालाई न्यूनतम मापदण्डअनुसार सबै प्रकारका स्वास्थ्य सेवाको पहुँच सुनिश्चित हुने गरी सञ्चालन गर्न सकिएको छैन।

अत्यावश्यक समस्या तथा दुर्घटना कर्णालीका माथिल्ला जिल्लामा एकातिर बढ्दै हुने र अर्कोतिर नजिकै विशिष्ट स्वास्थ्य सेवा दिने अस्पतालको अभाव छ। हाल मुगु जिल्लाका चारवटै स्थानीय तहमा न्यून चिकित्सकसहित सीमित सेवा र स्वास्थ्यकर्मी मात्र उपलब्ध छन्। मुगु जिल्लालगायत कर्णाली प्रदेशका अन्य जिल्लामा स्वास्थ्य क्षेत्रमा देखिएका यी जल्दाबल्दा समस्याहरू समाधान गर्न तत्काल पहल आवश्यक देखिन्छ।

नेपालमा सामुदायिक अस्पतालको संख्या २०० नाघेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको 'नेपाल हेल्थ फ्याक्ट सिट २०२३' अनुसार आर्थिक वर्ष २०७९/०८० मा देशभर सामुदायिक अस्पतालको संख्या २१५ पुगेको देखिन्छ। कर्णाली प्रदेशमा भने अस्पतालको संख्या २८ रहेको तथ्याङ्कले देखाउँछ भने नेपालमा आर्थिक वर्ष २०७८/०७९ मा २ हजार १५५ बटा निजी क्षेत्रका अस्पतालहरु रहेको तथ्याङ्क छ।

यसरी देशभर स्वास्थ्य संरचना थपिँदै जाँदा दुर्गम भनिएका जिल्लामा पनि स्वास्थ्य संस्था विस्तार नभएका भने होइनन्। यसैगरी विभिन्न सरकारले सञ्चालन गरेका जनस्वास्थ्य अभियान अन्तर्गत दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी परिचालन गरिएको पनि पाइन्छ। एकातिर जनस्वास्थ्यका लागि लगानी वृद्धि भइरहेको छ भने अर्कोतर्फ झण्डै ६६ प्रतिशतभन्दा बढी मानिस नसर्ने रोगका कारण ज्यान गुमाउन्-परेको तथ्याङ्कले दुर्गम जिल्लामा नसर्ने रोगको प्रभाव झनै गहिरो रहेको देखाउँछ।

वर्षेनी क्यान्सर, मुटुरोग, मिर्गौला समस्या, उच्च रक्तचाप, स्ट्रोक, हृदयघात, दम तथा अत्याधिक जाँड-रक्सी सेवनबाट हुने सिरोसिस-जस्ता समस्याले कलिलै उमेरमा आमनेपालीले मृत्यु वरण गर्न बाध्य भइरहेका छन्। अझ पहिचान नै नभएका नसर्ने रोगको वास्तविक संख्या कति होला भन्ने प्रश्न गम्भीर बनेको छ। साथै कर्णालीका विकट जिल्लामा सडक सञ्जाल नजोडिँदा रेफर गरिएका बिरामीसमेत घरमै मृत्यु हुन बाध्य छन्।

यसरी सरुवा रोग, दुर्घटना तथा विभिन्न नसर्ने रोगको जोखिमका बाबजुद दुर्गम जिल्लामा स्वास्थ्य समस्या उस्तै रहनु जनताको शैक्षिक स्तर, स्वास्थ्य चेतनाको कमी, रोग तथा बिरामीलाई दिने उपचार पद्धतिको उचित अनुस-रण नहुनु, अस्वस्थ जीवनशैली, स्थानीय पौष्टिक खाद्यवस्तुको सट्टा अखाद्य बाह्य खानाको बढ्दो प्रयोग, तथा प्रवर्द्धनात्मक स्वास्थ्य शिक्षाको अभावसँग जोडिएको देखिन्छ। परम्परागत उपचार पद्धति र रूढीवादी विश्वासका कारण पनि साना बालबालिका देखि सुत्केरी महिलासम्म दुर्गम जिल्लामा उच्च मृत्यु दर देखिएको छ।

अन्तत यसको स्थायी निराकरणका लागि औषधि, स्वास्थ्य जनशक्ति र उपकरण मात्र पर्याप्त हुँदैन । उचित माध्यमबाट जनताको स्वास्थ्यप्रतिको आमधारणा र चेतनामा विकास गर्दै जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउनु अति आवश्यक देखिन्छ। साथै देशभर सञ्चालन भइरहेका स्वास्थ्य अभियानलाई दिगो बनाउँदै विद्यमान स्वास्थ्य संस्थाबाट गुणस्तरीय सेवाको प्रत्याभूति गराउन आवश्यक छ।

यसैगरी जनताको शैक्षिक स्तर र स्वास्थ्य जीवनशैली एक-अर्काका परिपूरक भएकाले स्थान, समाज र संस्कृतिअनुसार उपयुक्त माध्यम प्रयोग गरी जनतालाई स्वयं स्वास्थ्यप्रति जागरुक गराउनु आजको आवश्यकता हो। यसतर्फ आम नेपालीले मनन गर्नुको विकल्प देखिदैन ।

साभार : स्वास्थ्यखबर

सरकारले घटायो इन्धन कर, उपभोक्तालाई के हुन्छ ?

काठमाडौं/सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट जनतालाई पर्ने मार कम गर्न भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ।

मंगलबार बसेको मन्त्रि-परिषद बैठकका निर्णय सार्वजनिक गर्दै संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले इन्धनको बढ्दो घाटा र संकट व्यवस्थापनका लागि सरकारले कर छुटदेखि खपत नियन्त्रणसम्मका महत्वपूर्ण कदम चालेको जानकारी दिइन।

मन्त्री रावलले पछिल्लो समय इन्धन आयात गर्दा सरकारले ठूलो आर्थिक घाटा बेहोरिरहेको पनि बताइन्। हालको मूल्य संरचनामा इन्धन बिक्री गर्दा नेपाल आयल निगमलाई १५ दिनमै ११ अर्ब ७२ करोड रुपैयाँ घाटा भएको छ। 'यो सानो रकम होइन,' मन्त्री रावलले भनिन्, 'त्यसैले यो समस्या केवल मूल्यको होइन, आपूर्ति शृङ्खला, कर, लागत, खपत र व्यवस्थापनको संयुक्त समस्या हो, त्यसैले सरकार केही निर्णय सहित अगाडि बढेको छ।'

न्यूनतम खपत गर्दा पनि पछिल्लो १५ दिनमा मात्रै ३४ हजार किलोलिटर पेट्रोल, ८३ हजार किलोलिटर डिजेल, ८ सय ६५ किलोलिटर मट्टितेल, २ हजार ६ सय १५ किलोलिटर आन्तरिक हवाई इन्धन, ५ हजार ८ सय ९२ किलोलिटर बाह्य हवाई इन्धन र १५ लाख २२ हजार ४ सय ४४ सिलिन्डर एलपी ग्यास बिक्री भएको मन्त्री रावलले तथ्यांक प्रस्तुत गरिन्।

अब उपभोक्ताले सस्तोमा पाउलान् :

सरकारले पेट्रोलियम पदार्थ आयातमा लाग्दै आएको करमा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेसँगै कुन इन्धनमा कति कर घट्छ भन्ने चासो बढेको छ। मन्त्रिपरिषदको पछिल्लो निर्णय लागु भएपछि हाल पेट्रोल र डिजेलमा लाग्दै आएको प्रतिलिटर १० रुपैयाँ पूर्वाधार विकास कर आधा घटेर ५ रुपैयाँमात्र कायम हुनेछ। पूर्वाधार करको गिरावटले मात्रै पनि प्रतिलिटर ५ रुपैयाँ कर भार कम हुनेछ।

यस अतिरिक्त सरकारले भन्सार बिन्दुमै लाग्ने महसुल पनि आधा मिनाहा गरेको छ। विद्यमान व्यवस्था अनुसार पेट्रोलमा प्रतिलिटर २५ रुपैयाँ र डिजेलमा १२ रुपैयाँ भन्सार महसुल लाग्ने गरेको थियो।

त्यसैगरी खाना पकाउने एलपी ग्यास आयात गर्दा प्रतिसिलिन्डर ९० रुपैयाँ कर लाग्दै आएको थियो। सरकारको नयाँ निर्णयसँगै यी सबै कर ५० प्रतिशतले घट्नेछन्।

कुन इन्धनमा कति कर भार :

नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि पेट्रोलमा लाग्ने कुल कर मा १७ रुपैयाँले कमी आउनेछ (भन्सारको १२ रुपैयाँ र पूर्वाधारको ५ रुपैयाँ)। त्यस्तै डिजेलमा भन्सार तर्फ ६ रुपैयाँ र पूर्वाधारतर्फ ५ रुपैयाँ गरी जम्मा ११ रुपैयाँ कर भार घट्ने छ। उता, ग्यासमा लाग्ने ९० रुपैयाँको आयात शुल्क घटेर ४५ रुपैयाँमा सीमित हुनेछ।

यद्यपि, यो निर्णय तत्काले लागु भने भइसकेको छैन। निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार मन्त्रिपरिषद् निर्णय राजपत्रमा प्रकाशित भई कार्यान्वयनका लागि निर्देशन आएपछि मात्र कुन शीर्षकमा कति कर घटेको हो भन्ने यकिन हुनेछ। 'सरकारले कर छुट दिने निर्णय गरेको हामीले पनि समाचार बाटै थाहा पाएका हौं, तर कुन-कुन वस्तुमा छुट दिइएको हो र कहिलेदेखि लागु हुने भन्नेबारे आधिकारिक जानकारी आइसकेको छैन,' प्रवक्ता ठाकुरले भने।

बजार मूल्य घट्ने सम्भावना कति :

करको दरमा भारी कटौती गरिए पनि आम उपभोक्ताले खरिद गर्ने पेट्रोलको मूल्य तत्काल सस्तो हुने सम्भावना भने न्यून छ। निगमका अनुसार विश्व बजारको मूल्यका कारण हाल निगमलाई प्रतिलिटर पेट्रोलमा ३४ रुपैयाँ र डिजेलमा १ सय २० रुपैयाँ नोक्सानी छ। सरकारले दिएको कर छुटपछि पनि निगमलाई पेट्रोलमा लिटरमै १७ रुपैयाँ र डिजेलमा १ सय ९ रुपैयाँ घाटा नै रहने तथ्यांकले देखाउँछ। त्यांसमा पनि प्रतिसिलिन्डर ४ सय ९६ रुपैयाँको नोक्सानी रहेकाले कर घटेकै भरमा निगम नाफामा जाने अवस्था छैन। घाटामा रहेको निगमलाई कर कटौतीले केही राहत मिले पनि मूल्य समायोजन गरेर उपभोक्ता लाई राहत दिन सक्ने अवस्था नरहेको निगमका एक अधिकारीले बताए।

'हाम्रो घाटाको खाडल निकै गहिरो भएकाले कर कटौती हुनेबित्तिकै बजार मूल्य घटाउन सकिँदैन,' उनले भने, 'तर, निगम सञ्चालक समितिले निर्णय गरे वा प्रधानमन्त्री र आपूर्ति सचिव तहबाटै मूल्य घटाउन ठाडो निर्देशन आएको खण्डमा मात्र उपभोक्ताले सस्तोमा इन्धन पाउन सक्छन्।'

१ अर्ब ४९ करोडको राहत :

सरकारले भन्सार शुल्क र पूर्वाधार करमा ५० प्रतिशत छुट दिँदा निगमलाई करिब १ अर्ब ४९ करोड रुपैयाँ राहत पुग्ने छ। तर, पनि १० अर्ब २३ करोडभन्दा बढी घाटा कायमै रहन्छ। निगमले अत्यधिक घाटा हुँदाहुँदै पेट्रोलियम पदार्थ आपूर्ति भने सहज राखेको जनाएको छ। निगम प्रवक्ता ठाकुरले पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्थामा कुनै समस्या नभएको बताए।

'हामीले मागेजति इन्धन पाइरहेका छौं,' उनले भने, 'घाटा भए पनि हामीले आपूर्ति सहज बनाएका छौं।' अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धिले श्रृजना गरेको संकट टार्न कर समायोजनले आपूर्ति व्यवस्था सहज बनाउन महत पुग्ने तर पूर्ण समाधानका लागि खपत घटाउने र मितव्ययिता अपनाउनु नै मुख्य विकल्प रहेको निगमको भनाइ छ।

इन्धनमा कर कटौती कार्य स्वागतयोग्य, उपभोक्तालाई तत्काल लाभ दिनुपर्छ घटाउने निर्णयको स्वागत गर्दै त्यसको प्रत्यक्ष लाभ तत्काल उपभोक्तालाई दिन सरकारसँग माग गर्छन्। यो कदम सम्मानयोग्य देखिन्छ।

१ करोड ७० लाख पाठ्यपुस्तक छपाइ सकियो

काठमाडौं/जनक शिक्षा सामग्री केन्द्रले आगामी नयाँ शैक्षिक सत्रको लागि १ करोड ७० लाख पाठ्यपुस्तक छपाइ कार्य सम्पन्न गरेको जनाएको छ।

सरकारले १५ वैशाखबाट शैक्षिक सत्र सञ्चालन गर्ने निर्णय गरेकाले सो अवधिसम्म विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउन छपाई कार्यलाई तिव्रता दिईएको केन्द्रका प्रवन्धक सञ्चालक यदुनाथ पौडेलले जानकारी दिए।

'विद्यार्थी संख्याको आधारमा प्रादेशिक कार्यालयसम्म पर्याप्त पाठ्पुस्तक पुगिसकेको अवस्था छ। १४-१५ लाखको दरले पुस्तक प्रदेश-प्रदेशमा लगिएको छ,' उनले भने।

प्रदेश कार्यालयबाट १२६० आधिकारिक विक्रेताले सम्बन्धित पालिकामा पुऱ्याउने छन्। २१ फागुनको चुनावले पाठ्यपुस्तक छपाइमा कुनै असर नपरेको केन्द्रले जनाएको छ।

केन्द्रले कक्षा १, २ र ४ बाहेकको पुस्तक छाप्ने गरेको छ। यी कक्षाको पाठ्यपुस्तक निजी क्षेत्रले छाप्ने गरेको छ। 'कक्षा सञ्चालन हुँदा विद्यार्थीको हातहातमा पुस्तक पुग्छ। कुनै अभाव हुदैन,' प्रवन्धक पौडेलले भने। उनले विगतका केही वर्षदेखि पाठ्यपुस्तक छाप्ने र वितरण कार्यलाई नियमित गरेको बताए।

जनकपुर मालपोत कार्यालयबाट ५ जना बिचौलिया पक्राउ

जनकपुर/जनकपुर मालपोत कार्यालयबाट पाँच बिचौलिया पक्राउ परेका छन्। सर्वसाधारणलाई ठगी गरेको आरोपमा प्रहरीले पाँच जना बिचौलियालाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार भूमि सुधार तथा मालपोत कार्यालय धनुषाबाट उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा कमला नगर पालिका-८ का ४२ वर्षीय नविन कुमार गोढाल, जनकनन्दिनी गाउँपालिका-४ का ५३ वर्षीय राम विनोद साह र महोत्तरी पिपरा गाउँपालिका स्थायी घर भई हाल जनकपुर उपमहानगरपालिका-१३ बस्दै आएका ४० वर्षीय विराजी यादव रहेका छन्।

यस्तै, सबैला नगरपालिका वडा नं. ११ का ४४ वर्षीय जय गोविन्द यादव र जनकपुर उप-महानगर पालिका-२ कदमचोकका ३० वर्षीय ज्ञानदेव साहलाई पनि प्रहरीले पक्राउ गरेको जनाएको छ।

प्रहरीका अनुसार उनीहरू सरकारी तथा सार्वजनिक सेवामा पहुँच दिलाइदिने भन्दै सर्वसाधा-रणसँग अवैधरूपमा रकम असुली गर्ने कार्यमा संलग्न रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। उनीहरू माथि आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाइएको जनकपुर प्रहरीले जनाएको छ।

मधेश प्रदेश उद्योग वाणिज्य संघको अध्यक्षमा साह

जनकपुर/मधेश-प्रदेशको उवा संघको नयाँ कार्यसमिति सर्वसम्मतरूपमा चयन भएको छ। व्यवसायीहरूबीच सहमतिका आधा-रमा नेतृत्व चयन हुनु संस्थागत एकता र स्थायित्वको संकेतकारूपमा हेरिएको छ। महासंघको सातौं प्रदेशसभाबाट विजयकुमार साह अध्यक्षमा निर्विरोध चयन भएका छन्।

उनी महासंघको केन्द्रीय समितिका सदस्यसमेत हुन्। साह लामो समयदेखि उद्योग-व्यवसाय क्षेत्रमा सक्रिय रहँदै आएका छन्। उनले मधेश प्रदेशका व्यवसायी हरूको साझा आवाज प्रभावकारी रूपमा उठाउने अपेक्षा गरिएको छ।

नयाँ कार्यसमितिमा उपाध्यक्ष (जिल्ला/नगर) तर्फ राजकुमार साह र उपाध्यक्ष (एसोसिएट) तर्फ सञ्जय कुमार अग्रवाल चयन भएका छन्। त्यस्तै, कोषाध्यक्षमा रविन्द्रनाथ गोपाली निर्विरोध चयन भएका छन्।

यस्तै कार्यकारिणी सदस्यतर्फ जिल्ला/नगर प्रतिनिधित्व गर्दै विनेदकुमार साह र सूर्यनारायण यादव चयन भए भने एसोसिएट सदस्यतर्फ नवीनकुमार साह निर्विरोध चयन भएको निर्वाचन अधिकृत अधिवक्ता सुदीप कोइरालाले जानकारी दिए।

यसअघि प्रदेशको अध्यक्षको जिम्मेवारी अशोक टेवानीले सम्हालदै आएका थिए। उनको कार्यकालमा निजी क्षेत्रका मुद्दा उठाउने, व्यवसायीको हकहित संरक्षण गर्ने तथा सरकारसँग समन्वय बढाउने प्रयास भएका थिए।

नयाँ नेतृत्व चयनसँगै प्रदेशमा उद्योग, व्यापार तथा लगानी प्रवर्द्धनमा थप सक्रियता आउने अपेक्षा गरिएको छ। आर्थिक मन्दी, बजार संकुचन र नीतिगत चुनौती-बीच निजी क्षेत्रलाई सशक्त बनाउन महासंघको भूमिका अझ महत्वपूर्ण हुने देखिएको छ।

महासंघभित्र सहमतिका आधारमा नेतृत्व चयन हुनु सकारा-त्मक अभ्यासका रूपमा लिइएको छ। यसले व्यवसायीहरूबीच आपसी समझदारी र सहकार्यलाई थप मजबुत बनाउने विश्वास गरिएको छ।

नयाँ कार्यसमितिले आगामी दिनमा व्यवसायिक वातावरण सुधार, लगानीमैत्री नीति निर्माणका लागि पैरवी तथा प्रदेशको समग्र आर्थिक विकासमा योगदान पुऱ्याउने लक्ष्य लिएको जनाएको छ।

अण्डाको मूल्य फेरि बढ्यो, अब क्रेटको कति ?

वीरगञ्ज/नेपाली बजारमा अण्डाको मूल्य फेरि बढेको छ। नेपाल लेयर्स कुखुरापालक संघले आइतबारदेखि लागु हुने गरी अण्डाको नयाँ समर्थन बिक्री मूल्य तोकेको हो। नयाँ मूल्यसूचीअनुसार सबै आकारका अण्डामा प्रतिक्रेट १५ रुपैयाँ वृद्धि भएको हो।

संघका अनुसार अब सबैभन्दा ठूलो एक्सएल अण्डाको फार्म मूल्य (थोक मूल्य) प्रतिक्रेट ४ सय ७५ रुपैयाँ कायम भएको छ, जुन पहिले ४ सय ६० रुपैयाँ थियो। त्यसैगरी ४ सय ३५ रुपैयाँमा बिक्री हुँदै आएको ठूलो अण्डाको मूल्य ४ सय ५० पुगेको छ भने ३ सय ८५ रुपैयाँ रहेको मिडियम अण्डाको मूल्य ४ सय तोकिएको छ।

संघ सचिव मदन पोखरेलका अनुसार किसानसँगको निरन्तर छलफल र कार्यसमितिको निर्णय बमोजिम बजार स्थिर राख्न र किसानको बढ्दो उत्पादन लागत सुरक्षित गर्न मूल्य समायोजन गर्नुपरेको हो।

चितवनलाई आधार मानेर निर्धारण गरिएको यो मूल्य फार्मबाट खरिद गर्दाको हो। संघले जारी गरेको सूचनामा चितवनबाट देशका अन्य सहरका डिपोमा अण्डा पुऱ्याउँदा भाडा, कार्टुन र क्रेट खर्चबापत थप १ सय ४५ रुपैयाँ लाग्ने स्पष्ट पारेको छ।

बालिकालाई पाँच हजारसहित बैंक खाता



नवलपरासी/नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हप्सेकोट गाउँपालिकाले ३६ बालिकाहरुलाई पाँच हजारसहितको बैंक खाता उपहार दिएको छ। 'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रममार्फत चालू आर्थिक वर्षमा गाउँपालिकाभित्र जन्मिएका ती बालबालिकाहरूको बैंक खातामा पाँच हजार रकम जम्मा गरिएको हो।

हुप्सेकोट गाउँपालिकाभित्र स्थायी बसोबास गरेका दम्पतीले छोरी जन्मिएर बडा कार्यालयमा जन्म दर्ता गराएपछि छोरीको नाममा खोलिने बैंक खातामा गाउँपालिकाले नगद पाँच हजार जम्मा गरिदिने गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताए।

"चालू आवको फागुन मसान्त सम्म जन्मिएका ३६ जना छोरीहरुको बैंक खातामा पाँच हजारका दरले एक लाख ८० हजार रकम गाउँपालिकाले निकासा गरेको छ', उनले भने, "छोरीको बैंखक खातामा अभिभावकलाई समेत कम्तीमा पाँच हजार जम्मा गर्न आग्रह गर्ने गरेका छौं।'

'हाम्रो छोरीको सुनौलो भविष्य' कार्यक्रम निकै प्रभावकारी बनेको गाउँपालिका अध्यक्ष पाण्डेले बताए। छोरीकै नाममा हुने बैंक खाताको संरक्षक अभिभावक हुने छन्। छोरीको नाममा बैंक खातामा राखिएको रकम उच्च शिक्षा अध्ययनका बेला उपयोग हुने अपेक्षासहित बचत गर्ने बानीको विकास गर्न यो कार्यक्रम सञ्चालन गरिएको अध्यक्ष पाण्डेले बताए।

प्रोटिनयुक्त आहार किन जरुरी छ ?

मानव/शरीरको हरेक कोष प्रोटिनले बनेको हुन्छ। शरीरको अन्य अंगजस्तै मांसपेशी, हाड वन्न प्रोटिन नै चाहिन्छ। प्रोटिन नभए मानव शरीर नै बन्दैन। यो हाम्रो खानाबाट प्राप्त हुन्छ।

एक सामान्य वयष्क व्यक्तिलाई दैनिक शरीरको तौलको प्रतिकिलोग्राम ०.८ ग्रामदेखि १ ग्राम प्रोटिन चाहिन्छ। यसबाहेक दैनिक व्यायाम गर्ने व्यक्तिका लागि प्रतिकिलोग्राम तौलमा १ ग्रामदेखि १.५ ग्राम प्रोटिनको मात्रा आवश्यक हुन्छ।

साना बालबालिकाको कुरा गर्ने हो भने उनीहरूलाई पाँच वर्षको उमेरअघि नै दैनिक १० ग्राम प्रोटिन चाहिन्छ। गर्भावस्थामा भने महिलालाई सामान्य अवस्थाभन्दा बढी प्रोटिनको जरुरत पर्छ। प्रोटिनको कमीले गर्दा आमा र बच्चामा र गतको कमी पनि हुन्छ।

प्रोटिन एमिनो एसिडहरू मिलेर बन्छ। प्रत्येक कोषको लागि यो महत्वपूर्ण हुन्छ। प्रोटिनले शरीरको कोषिका निर्माण र ममतमा ठूलो भूमिका निर्वाह गर्छ। कपाल र नङ स्वस्थ राख्छ। शरीरले धेरै प्रकारका आन्तरिक रस हर्मोन बनाउन प्रोटिन नै चाहिन्छ। शरीर लाई दैनिक काम गर्दा चाहिने शक्ति प्रोटिनबाट आउँछ। त्यसैले गर्दा शरीरमा प्रोटिनको कमी हुँदा थकान र कमजोरी महसुस हुन थाल्छ। त्यसैले प्रोटिनयुक्त खानेकुरा उचित मात्रामा सेवन गर्नुपर्छ।

प्रोटिनको कमी भयो भने मान्छे दुब्लाउँदै जाने हुन्छ। बच्चामा प्रोटिनको कमी भएर सुकेनास र फुकेनासको समस्या समेत देखिन्छ। नेपालमा पहिले यस्तो समस्या धेरै थियो। यो समस्या अहिले कम हुँदै गए पनि गाँउघरतिर अझै देखिँदै छ। मधुमेह भएको व्यक्तिलाई प्रोटिन कमी भएमा शरीरमा चिनीको मात्रा नियन्त्रण गर्न समस्या हुन्छ।

शरीरमा प्रोटिनको कमी भएमा रक्तअल्पता पनि हुन्छ। अनि रोगप्रतिरोधात्मक क्षमता कम हुँदै जान्छ। शरीरमा प्रोटिनको निकै कमी भए जोर्नीसमेत दुख्छ। जोर्नीमा पाइने तरल पदार्थको निर्माणमा समेत असर पर्छ। यसले गर्दा जोर्नीको लचिलोपन हराउँछ र जोर्नी दुख्ने गर्छ। तर प्रोटिन खाने भनेर जथाभावी धेरै खाँदा समस्या पनि हुन सक्छ। प्रोटिनको धेरै सेवन पनि हानिकारक हुन सक्छ। यसले मुगौलामा दबाव दिएर यसलाई क्षति पुऱ्याउन सक्छ।

अण्डा र पनिरमा धेरै प्रोटिन

स्वस्थ रहनका लागि अन्य सूक्ष्म पोषक तत्वसँगै प्रोटिनको पनि असाध्यै जरुरी हुन्छ। अण्डा र पनिर दुवैमा प्रोटिनका साथै अन्य धेरै पोषक तत्व हुन्छन्। जस्तै- क्यालसियम, भिटामिन बी-१२, आइरन आदि। शाकाहारीले प्रोटिनका लागि दाल, गेडागुडी र पनिर खानुपर्छ भने मांसाहारीका लागि विभिन्न विकल्प छन्।

एउटा उसिनेको अण्डा (४४ ग्राम) मा ५.५ ग्राम प्रोटिन, २४.६ ग्राम क्यालिसयम हुन्छ। पनिरमा ७ ग्राम प्रोटिन र १९०.४ मिलिग्राम क्यालिसयम हुन्छ। अण्डा र पनिर दुवैमा प्रोटिनको मात्रा र अन्य पोषक तत्व लगभग एकै किसिमका हुन्छन्। प्रोटिनबाहेक दुवैमा भिटामिन बी-१२, आइरन, क्यालिसयम र थुप्रै भिटामिनहरु पाइन्छन्। अण्डा र पनिरले शरीरलाई सुगठित बनाउन र तौल कम गर्न मद्दत गर्छ।

पाँच पालिकाले अझै ल्याएनन् बजेट

काठमाडौं/चालू आर्थिक वर्ष सुरु भएको पाँच महिना बित्न लाग्दा पनि पाँच वटा पालिकाले अहिलेसम्म पनि बजेट ल्याउन सकेका छैनन्।

वार्षिक बजेट नआएपछि ती पालिकामा विकास निर्माणका काम ठप्प छन् भने कर्मचारीको तलब भत्ता रोकिएको छ। दैनिक कार्यालय सञ्चालनमा समेत समस्या देखिएको छ।

मधेस प्रदेशका चारवटा र लुम्बिनी प्रदेशको एउटा पालिकाले अहिलेसम्म बजेट ल्याउन सकेका छैनन्। धनुषाको नगराइन र कमला नगरपालिका, रौतहटको बौधीमाई नगरपालिका र सलाहीको विष्णु गाउँपालिकाले बजेट ल्याएका छैनन्। त्यस्तै, बाँकेको डुडुवा गाउँपालिकाले पनि बजेट ल्याएको छैन।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार भने आठवटा पालिकाले आफ्नो वार्षिक बजेट मन्त्रालयको प्रणालीमा प्रविष्ट गरेका छैनन्। यद्यपि, त्यसमध्ये पालिकामध्ये सिराहाको औरही गाउँपालिका तथा कर्जन्हा नगर पालिकाका र रौतहटको यमुनामाई गाउँपालिकाले भने बजेट ल्याई सकेका छन्। यी पालिकाले मन्त्रालयको प्रणालीमा पविष्ट नगरेको तर वार्षिक बजेट भने गाउँसभाबाट पारित भइसकेको छ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा तीनमा "गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेस गर्नु पर्नेछ", भनी उल्लेख गरिएको छ तर बजेट नआएका कारण ती पालिकामा आर्थिक गतिविधि चलायमान हुन सकेका छैनन्।

पालिकाले वार्षिक बजेट नल्याउँदा उनीहरुका विकास निर्माणका काम ठप्प हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाडले जानकारी गराए।

"बजेट नै नल्याएपछि उनीहरुले खर्च गर्न पाउँदैनन्। तलब भत्तासम्म दिएका हुन सक्छन्। तर, विकास निर्माणका काम भने रोकिएका छन्', तामाडले भने।

गाउँसभा र नगरसभाबाट बजेट पारित नभएका पालिकाका लागि सम्बन्धित जिल्लाको संघीय तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) ले बजेट रोकिदिने उनको भनाइ छ। संविधान, ऐन, कानूनले नै सम्बन्धित पालिकालाई बजेट निर्माणको जिम्मा दिएको र यसमा संघीय र प्रदेश सरकारको कुनै भूमिका नरहने पनि प्रवक्ता तामाडको भनाइ छ।

असार दोस्रो साताभित्र ल्याइसक्नु पर्ने बजेट मसिर मसान्त सम्म पनि आउन नसक्नुको मुख्य कारण गाउँ तथा नगरसभामा राजनीतिक दलबीचको खिचातानी तथा प्रमुख र उपप्रमुखबीचको मनमुटाव मुख्य कारक छ।

धनुषाको नगराइन नगर पालिकाका नगरप्रमुख विनयकुमार यादवले गाउँसभामा बहुमत नपुग्दा बजेट पारित गर्न नसकिएको बताए। "नगर उपप्रमुखसहित नेकपा (एमाले)बाट निर्वाचित सदस्यको बहुमत छ। म नेपाली कांग्रेसबाट निर्वाचित भएकाले नगर सभामा उहाँहरुले अड्को थाप्नुभएको छ", यादवले भने। उनका अनुसार तलबसमेत नपाएपछि नगराइन नगर पालिकाका कर्मचारी गत शुक्रवार देखि आन्दोलन उठिएका छन्।

वार्षिक योजना तथा कार्यक्रम बारे दलगतरुपमा विवाद बढ्दै गएपछि कमला नगरपालिकामा पनि बजेट आउन सकेको छैन। 'योजनामा राजनीतिक भागबण्डा भएपछि त्यसको विवादले बजेट पारितसमेत हुन नसकेको हो।

तलब नपाएपछि कर्मचारी आन्दोलनमा छन्। शिक्षकले सात महिनादेखि तलब पाएका छैनन्', नगर उपप्रमुख शिलादेवी मण्डलले भनिन्।

रौतहटको बौधीमाई नगरपा-लिकाले पनि बजेट ल्याएका छैनन्। निमित्त प्रमुख प्रशासकीय अधिकृत रामेश्वरराय यादवका अनुसार नगर पालिकाको नीति तथा कार्यक्रम बारे पुनरावेदन अदालतमा मुद्दा चलि-रहेको छ।

सामान्य कार्यालय सञ्चाल-नमा समेत समस्या देखिएको उनले बताए।

अटो हरायो

मिति २०८२ चैत्र २२ गते बेलुकी अन्दाजी २२:०० बजे हेउनपा-९ लामसुरे हाईटमा पार्किङ गरी राखेको अवस्थामा मेरो निम्न व्यहोरा भएको बजाज कम्पनीको अटो हराएको हुनाले पाउनु हुने वा देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल दिइएको ठेगाना वा सम्पर्क नम्बरमा जानकारी गराई दिनु भएमा उचित पुरस्कार टक्याउनेछु।

सवारी धनीको नाम : सुदिप वाईवा

ठेगाना	: हेउनपा-४, कान्तिराजपथ मकवानपुर
सवारी नं.	: ना २ ह २९८९ (हरियो रंगको बजाज अटो)
व्याविस नम्बर	: MD2A25BY8JWA13511
इञ्जिन नम्बर	: AZYWTA75951
सम्पर्क नम्बर	: ९८६१९२१७५४

डिलर Partner
बिना लगानी
फोन बाटै सम्भावित आम्दानी
CLASSIC TECH
मासिक रु 20 हजार सम्म सम्भावित कमाई
3 click Process
आकर्षक कमीसन
झन्झट फ्रि काम
T&C apply*

WorldLink
REFER OFFER
१-१ महिना FREE INTERNET
Refer गर्ने र लिने दुवैलाई

आकर्षक जग्गा सस्तो मूल्यमा बिक्रीमा
उत्तर
रिंग रोड
गुम्बा
स्कूल
पश्चिम
पूर्व
दक्षिण
चर्च
०-६-५
आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मूल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोलें।
सम्पर्क नं. : ९८४५०२९५०८, ९८४५०३९३४७

क्यासिनोमा जितेको ठूलो रकम अब नगदमा नपाइने :

५ हजार डलरभन्दा बढी भए अनिवार्य बैंकिङ च्यानल

सन्देश संवाददाता

काठमाडौं/नेपालका क्यासिनोहरूमा विदेशी पर्यटकले जित्ने ठूलो परिमाणको रकम भुक्तानीमा नेपाल राष्ट्र बैंकले कडाइ गरेको छ । केन्द्रीय बैंकले एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै क्यासिनो विनिंगको भुक्तानीमा नगदको सीमा तोक्दै बाँकी रकम बैंकमार्फत मात्र दिनुपर्ने अनिवार्य व्यवस्था गरेको हो ।

खेलाडीबाट क्यासिनो खेलको लागि आवश्यक रकम अमेरिकी डलर ५ हजार वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा नगदै लिन सकिने व्यवस्था पहिलेकै हो । सोभन्दा बढी रकमको हकमा भन्सार घोषणा गरी प्रमाणित गरेको हुनुपर्नेछ वा बैंकिङ्ग प्रणाली मार्फत्रकम प्राप्त गरेको हुनुपर्नेछ । साथै, इजाजतपत्रप्राप्त क्यासिनोहरूले बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक सम्झौता गरी क्यासिनो खेलाडीसँग पोइन्ट अफसेल मार्फत्विदेशी मुद्रा प्राप्त गर्न सक्नेछन् ।

तर, नयाँ व्यवस्थाअनुसार खेलाडीबाट क्यासिनो खेलको लागि आवश्यक रकम नेपाली रुपैयाँमा लिने भएमा नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को विनियम १७ बमोजिमको स्वदेशी मुद्रा स्वीकार गर्दा विदेशी मुद्रा सटही भएको कागजातको आधारमा नेपाली रुपैयाँ नगद जम्मा गरेको भएमा जितेको रकम अमेरिकी डलर ५ हजारसम्म नगदै भुक्तानी गर्न सकिनेछ र सो भन्दा बढी रकम खेलाडीको बैंक खातामा जम्मा हुनेगरी विदेशी मुद्रा भुक्तानी गर्न सकिने व्यवस्था केन्द्रीय बैंकले गरेको छ । क्यासिनो

१७ बमोजिमको व्यवस्था पालना गर्नुपर्नेछ ।

यस्तै, ५ हजार डलरभन्दा बढी रकम खेलाडीको बैंक खातामा जम्मा हुनेगरी भुक्तानी गर्नुपर्नेछ । खेलाडीले नेपाली रुपैयाँ जम्मा गरेकोमा जितेको रकम समेत नेपाली रुपैयाँमा मात्र भुक्तानी गर्नु पर्नेछ । तर, राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७ को विनियम १७ बमोजिम स्वदेशी मुद्रा स्वीकार गर्दा विदेशी मुद्रा सटही भएको कागजातको आधारमा नेपाली रुपैयाँ नगद जम्मा गरेको भएमा जितेको रकम अमेरिकी डलर ५ हजारसम्म नगदै भुक्तानी गर्न सकिनेछ र सो भन्दा बढी रकम खेलाडीको बैंक खातामा जम्मा हुनेगरी विदेशी मुद्रा भुक्तानी गर्न सकिने व्यवस्था केन्द्रीय बैंकले गरेको छ । क्यासिनो सञ्चालकले सोझै नगदमा ठूलो रकम दिन पाउने छैनन् ।

ठूलो परिमाणको नगद कारोबारले सम्पत्ति शुद्धीकरणको जोखिम बढाउने भन्दै राष्ट्र बैंकले यो सीमा तोकेको हो । बैंकिङ च्यानलबाट भुक्तानी हुँदा कुन पर्यटकले कति रकम जितेको हो भन्ने स्पष्ट अभिलेख रहनेछ । क्यासिनोले भुक्तानी गर्दा विदेशी पर्यटकको राहदानी र भिसाका आधार मा मात्र भुक्तानी दिनुपर्नेछ । जितेको रकम बाहिर लैजानका लागि बैंकहरूले राष्ट्र बैंकको नियमअनुसार सटही सुविधा प्रदान गर्नेछन् ।

यो व्यवस्था भारतीय पर्यटकको हकमा पनि लागू गरिएको हो । नेपालका क्यासिनोहरूको मुख्य बजार भारतीय पर्यटक हुन् । यसअघि भारतीय पर्यटकहरूले क्यासिनोमा जितेको ठूलो रकम नगदमै बुझ्ने र अनौपचारिक माध्यमबाट लैजाने गरेको आशंका भइरहेका बेला राष्ट्र बैंकले यस्तो कडाइ गरेको हो । भारतीय पर्यटकले पनि क्यासिनोमा जितेको रकम ५ हजार अमेरिकी डलर (वा सो बराबरको भारतीय रुपैयाँ नेपाली रुपैयाँ) सम्म मात्र नगदमा पाउन सक्नेछन् ।

यदि कुनै भारतीय पर्यटकले ५ हजार डलरभन्दा बढी रकम जितेमा, सो बढी भएको रकम क्यासिनोले अनिवार्य रूपमा सम्बन्धित व्यक्तिको बैंक खातामा 'बैंकिङ च्यानल' मार्फत मात्र पठाउनुपर्नेछ । क्यासिनोहरूले भारतीय पर्यटकहरूबाट प्राप्त हुने भारतीय रुपैयाँको छुट्टै बैंक खाता खोल्नुपर्नेछ । भारतीय पर्यटकले बाजी जितेमा सोही खाताबाट बैंकिङ च्यानल प्रयोग गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरिएको छ ।

यदि भारतीय पर्यटकले नेपालका एटिएम वा पिओएस मेसिन प्रयोग गरी नेपाली रुपैयाँ भिकेर क्यासिनो खेलेका छन् र जितेका छन् भने, उनीहरूले ५ हजार डलरभन्दा बढीको भुक्तानी डलरमै बैंक खातामा फिर्ता पाउनेछन् । तर, यसका लागि उनीहरूले एटिएमबाट पैसा भिकेको रसिद अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

अन्तर्राष्ट्रिय मौरी सम्मेलनमा १९ देशका ७० विज्ञको उपस्थिति

सन्देश संवाददाता

रामपुर/कृषि तथा वनविज्ञान विश्वविद्यालय रामपुरमा अन्तर्राष्ट्रिय मौरी सम्मेलन सोमवारदेखि सुरू भएको छ । सम्मेलनमा नेपालसहित १९ देशका ७० विज्ञसहित २५० जनाको सहभागिता रहेको छ ।

सम्मेलनको सोमवार विश्वविद्यालयकी उपकुलपति डा. शारदा थपलियाले उद्घाटन गरेकी हुन् । उनले मौरीपालक किसानका लागि सम्मेलन फलदायी हुने बताइन् ।

विश्वविद्यालयले शिक्षणसहित प्रविधि र प्रसारका क्षेत्रमा हरेक वर्ष विभिन्न किसिमका कार्यक्रम गर्दै आएको भन्दै उनले त्यसैको निरन्तरतास्वरुप यसवर्ष मौरी सम्मेलन गरिएको बताइन् । उनले मौरीपालनमा देखिने समस्या समाधान गर्न सम्मेलन सफल हुने विश्वास व्यक्त गरिन् ।

मौरीपालनका आधुनिक अभ्यास, वैज्ञानिक अनुसन्धान तथा अन्तर्राष्ट्रिय सहकार्यलाई प्रवर्द्धन गर्ने लक्ष्यसहित आयोजना गरिएको सम्मेलनअन्तर्गत तीन दिन प्राविधिक सत्र सञ्चालन हुनेछ भने बाँकी दुई दिन मौरीपालनसम्बन्धी क्षेत्रको अध्ययन भ्रमण तथा अवलोकन गराइने छ ।

सम्मेलनका सदस्यसचिव विश्वविद्यालयका उपप्राध्यापक डा.

केदार देवकोटाका अनुसार सम्मेलनमा चार विधामा ४१ कार्यपत्र प्रस्तुत गरिने छ । उनका अनुसार सम्मेलनमा मौरीपालन, एपी थेरापी, परागसेचन र मौरीसँग सम्बन्धित रोग तथा कीरा व्यवस्थापनका विषयमा कार्यपत्र प्रस्तुतिसँगै छलफलसमेत हुनेछ । मौरी तथा परागसेचनसम्बन्धी नवीन अनुसन्धान र प्रविधिको आदानप्रदान, मौरीको स्वास्थ्य, रोग व्यवस्थापन र संरक्षणका उपायहरुको पहिचान, मौरीजन्य उत्पादनको गुणस्तर, मूल्य अभिवृद्धि र बजार विस्तारका सम्भावनाको खोजीमा पनि छलफल हुने उनले बताए ।

सम्मेलनमा नेपालसहित भारत, थाइल्यान्ड, चीन, कोरिया, अमेरिका, क्यानडा, हङ्गेरी, स्वीडेन, स्टोनिया, बङ्गलादेश, श्रीलङ्कालगायतका देशबाट विषय विज्ञ तथा कृषकको सहभागिता रहेको छ।सम्मेलनमा अनुसन्धानकर्ता, प्राध्यापक, व्यावसायिकरुपमा लामो समयसम्म अन्तर्राष्ट्रियस्तरमा काम गरेका सरकारी तथा गैरसरकारी संस्थाका विज्ञ, किसानलगायत सहभागी हुन् ।

कार्यक्रममा विश्वविद्यालयका रजिष्ट्रार पुष्करबहादुर पाल, कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेल, अन्तर्राष्ट्रिय मौरी अनुसन्धान केन्द्रका प्रा.डा. फेनी हर्टाजिना, विश्वविद्यालयका कृषि सङ्कायका डिन डा. अर्जुनकुमार श्रेष्ठलगायतले अहिले मौरीपालनमा देखिएका समस्या र समाधानका विषयमा आआफ्ना धारणा राखेका थिए ।

उक्त अवसरमा कृषि तथा वनविज्ञान विश्वविद्यालयका रजिष्ट्रार प्रा.डा. पुष्करबहादुर पालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्य र सञ्जाल विस्तारका साथै नीतिनिर्माण तथा कार्यान्वयनका लागि वैज्ञानिक आधार प्रदान गर्ने विषयमा समेत विचारविमर्श गरिने जानकारी दिए । उनले परागसेचनमा मौरीको ७० प्रतिशत योगदान रहने भन्दै मौरीको संरक्षणमा सबै लाग्नुपर्नेमा जोड दिए ।

कृषि सङ्कायका डिन प्रा.डा. अर्जुनकुमार श्रेष्ठले नेपाल तथा विश्वमा मौरीको अवस्था, उत्पादन वृद्धि, व्यवसायलाई अझ बढी मुनाफामा आधारित बनाउन गर्नुपर्ने काम र भएका अनुसन्धानबारे छलफल र ज्ञान आदानप्रदान हुने बताए ।

यसैगरी, मौरीको जीवविज्ञान, व्यवहार, रोग तथा कीट व्यवस्थापन, मौरी स्वास्थ्य संरक्षण र नयाँ प्रविधिको प्रयोगबारे पनि चर्चा गरिने छ । मौरीपालनको सामाजिक र आर्थिक महत्त्व, बजार प्रणाली, उद्यमशीलता, महिला तथा युवाको सहभागिता र नीतिगत संरचनाका विषयमा समेत बहस हुने जनाइएको छ ।

कृषि विभागका उपमहानिर्देशक राजेन्द्र कोइरालाले मौरीका उत्पादनहरुको विविधीकरण गरी मूल्य अभिवृद्धि गर्न सम्मेलन महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुने विश्वास व्यक्त गरे ।

सम्मेलनका अवसरमा मह प्रदर्शनी तथा मेलाको समेत आयोजना गरिएको छ । यहाँ आठ कक्ष रहेका छन् । जसमध्ये ३ वटा विदेशी व्यवसायीका उत्पादनलाई प्रवर्द्धन गरिने छ ।

बैंकमा एउटै कागजात पटक-पटक बुझाउनु नपर्ने

ग्राहकलाई झन्झटमुक्त सेवा र बैंकलाई अनुगमनको जिम्मेवारी

सन्देश संवाददाता

काठमाडौं/नेपाल राष्ट्र बैंकले बैंकिङ सेवालाई ग्राहकमुखी बनाउँदै कागजी झन्झट अन्त्य गर्ने र विदेशी मुद्राको अनुगमनलाई थप प्रभावकारी बनाउने नयाँ नीति सार्वजनिक गरेको छ । केन्द्रीय बैंकले एकीकृत परिपत्रमा संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाहरूलाई आफ्ना ग्राहकका विवरण र भुक्तानी प्रणालीमा थप जिम्मेवार बनाएको हो ।

विदेशी व्यवस्थापन विभागले जारी गरेको संशोधित निर्देशिकामा भनिएको छ- इजाजत पत्र प्राप्त संस्थाहरूले यस एकीकृत परिपत्र-२०८२ मा उल्लेख भएबमोजिम आफ्ना ग्राहकहरूबाट पेस भएका कागजातका प्रतिलिपिहरू एक पटक प्राप्त भए पश्चात् पुनः पेस गर्नु नपर्ने व्यवस्था गर्नु पर्नेछ ।

यो व्यवस्थाअनुसार बैंकका ग्राहकहरूले कुनै पनि सेवाका लागि आवश्यक पर्ने कागजातका प्रतिलिपिहरू पटकैपटक पेस गरिरहनु पर्ने छैन । नयाँ व्यवस्थाअनुसार इजाजत पत्र प्राप्त संस्थाहरूले आफ्ना ग्राहकबाट एक पटक प्राप्त भएका कागजातका प्रतिलिपिहरू सुरक्षित राख्नुपर्नेछ र सोही आधारमा आगामी कार्यहरू गर्नु पर्नेछ ।

यसले विशेष गरी वैदेशिक व्यापार र सटही सुविधा लिने ग्राहकहरूलाई हरेक पटक एउटै कागजात फोटोकपी गरेर बुझाउनुपर्ने सास्तीबाट मुक्ति दिनेछ । साथै, विदेशी मुद्रा भुक्तानी तथा सटहीका सुविधाहरू प्रदान गर्दा त्यसको पूर्णपालन गर्ने दायित्व अब सम्बन्धित बैंककै हुनेछ । राष्ट्र बैंकले बैंकहरूलाई आफ्नै 'अनुगमन प्रणाली' बनाउन निर्देशन दिएको छ ।

कृषिजन्य वस्तुको कर घटाउन राजदूतसँग आग्रह

सन्देश संवाददाता

वितामोड/झापाका उद्योगी व्यवसायीले कृषिजन्य वस्तुको कर घटाउन नेपालका लागि बंगलादेशका राजदूत मो. सफिकुर रहमानसँग माग गरेका छन् । मेची उद्योग वाणिज्य संघको निमन्त्रणामा धुलाबारी आएका नेपालका लागि बंगलादेशका राजदूत रहमानसँग उनीहरूले यस्तो माग गरेका हुन् ।

मेची उद्योग वाणिज्य संघ र नेपाल-बंगलादेश चेम्बर अफ ट्रेडसको संयुक्त आयोजनामा झापाको धुलाबारीमा 'नेपाली कृषिजन्य वस्तुको निकासी सम्भावना तथा अवरोध' विषयमा उद्योगी व्यवसायीले नेपालका लागि बंगलादेशका राजदूत रहमानसँग छलफल गरेका थिए ।

मेची उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष कंपिल क्षेत्री, मेची उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष एवं नेपाल-बंगलादेश चेम्बर अफ ट्रेडसका पनि संस्थापक अध्यक्ष पन्नालाल जैनले नेपालमा उत्पादन हुने कृषिजन्य वस्तु, अन्य सामान भारत हुँदै बंगलादेश लैजाँदा र बंगलादेशबाट नेपाल ल्याउँदा उद्योगी व्यावसायीले भोग्नुपर्ने समस्याबारे नेपालका लागि बंगलादेशका राजदूतलाई जानकारी गराएका थिए ।

उनीहरूले नेपाल र बंगलादेशबीचको व्यापारिक सम्बन्ध बढाउन नेपाली कृषिजन्य उत्पादनले बंगलादेश निर्यातमा भोग्दै आएको समस्या अवगत गराउँदै समाधानका लागि सहजीकरण गर्न राजदूत र हमानसमक्ष आग्रह गरेका थिए ।

बंगलादेश र नेपालबीच हुन सकने व्यावसायिक तथा व्यापारिक सम्बन्ध, उद्योग व्यवसायको प्रवर्धन र विकासका साथै पर्यटनलगायतका क्षेत्रमा सहकार्य तथा साझेदारीको सम्भावनाका विषयमा समेत उनीहरूले राजदूतको ध्यानाकर्षण गराएका थिए ।

उद्योगी-व्यावसायीले अहिले बंगलादेशले कृषिजन्य वस्तुमा करिब ५८ देखि ८५ प्रतिशतसम्म कर लगाउँदै आएको बताउँदै कृषिजन्य वस्तुको करमा छुट हुनुपर्ने राजदूतसमक्ष माग राखेको मेची उद्योग वाणिज्य संघका निवर्तमान महासचिव ध्रुव कनालले बताए ।

नेपालका लागि बंगलादेशका राजदूत मो.शफिकुर रहमानले नेपाल र बंगलादेशमा अहिले नयाँ सरकार गठन भएकाले व्यापार व्यवसाय बढाउन दुवै देशको सरकारलाई भक्झकाउनुपर्ने बताए । उनले नेपालमा उत्पादित कृषिजन्य वस्तु, कुच्चो लगायतमा लाग्ने करका विषयमा बंगलादेश सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल र बंगलादेशबीच धेरै क्षेत्रमा सहकार्यको प्रचुर सम्भावना रहेको बताउँदै राजदूत रहमानले दुवै देशका उद्योगी तथा उद्योगी व्यवसायीबीचको सम्बन्ध विस्तारका लागि दूतावास निरन्तर सहजीकरण गर्न तत्पर रहेको जनाए । उनले कृषिजन्य वस्तु निर्यातमा देखिएका समस्या समाधानका लागि आफ्ना तर्फबाट पहल र प्रयास रहने प्रतिबद्धता जनाए ।

आदिवासी जनजाति महासंघ, संघीय परिषद् सचिवालय नेतृत्वको औपचारिक घोषणा

सन्देश संवाददाता

काठमाडौं/नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) ले आफ्नो २१ सदस्यीय संघीय परिषद् सचिवालय सार्वजनिक गर्दै आगामी कार्यदिशा र योजनाहरू प्रस्तुत गरेको छ। काठमाडौंस्थित महासंघको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा नयाँ नेतृत्वको औपचारिक घोषणा गरिएको हो ।

यही चैत ५ गते सम्पन्न ११औं राष्ट्रिय महाधिवेशनले निमा लामा ह्योल्मोको नेतृत्वमा नयाँ संघीय परिषद् सचिवालय चयन गरेको थियो । सोही निर्णय अनुसार औपचारिक रूपमा पदाधिकारीहरूको नामावली सार्वजनिक गरिएको हो ।

नवगठित सचिवालयको अध्यक्षमा ह्योल्मो, वरिष्ठ उपाध्यक्षमा दिलबहादुर गुरुङ, उपाध्यक्षहरूमा अमृतबहादुर सुनुवार, आइपासाङ शेर्पा, चन्द्रलाल राजभण्डारी (नेवार), चिनिमाया माझी, जुनिता राई, मनमाया छन्त्याल र रामकुमारसिंह दनुवार चयन भएका छन् ।

यस्तै, महासचिवमा विमल सारुमगर, उप-महासचिवमा गणेश कुमाल, सचिवहरुमा चकचकी राजवंशी, छेवाङ बुम्छोक गुरुङ (डोल्पो), जसवी मण्डल (जस्मिन) गन्धाई, बिना मम्बा तामाङ, महेन्द्र दुरा, शिवचन्द्र मण्डल (धानुक), सन्तबहादुर चेपाङ तथा शैलेन्द्रकुमार ताजपुरिया रहेका छन् ।

यसैगरी, कोषाध्यक्षमा मिड्मा कामी शेर्पा छोक्पया र सह-कोषाध्यक्षमा प्रभातकुमार चौधरी चयन भएका छन् । पत्रकार सम्मेलनमा अध्यक्ष ह्योल्मोले आदिवासी जनजाति समुदायको अधिकार, पहिचान, समृद्धि तथा स्वशासन सुनिश्चित गर्न महासंघ दृढतापूर्वक अघि बढ्ने बताए ।

उनले आगामी दिनमा नीति निर्माण तहमा आदिवासी जनजातिको प्रभावकारी सहभागिता सुनिश्चित, सामाजिक न्यायको आधार सुदृढ तथा सांस्कृतिक पहिचान संरक्षणमा विशेष जोड दिइने बताए । अध्यक्ष ह्योल्मोले भने, 'हामी आदिवासी जनजातिको अधिकार, पहिचान र स्वशासन सुनिश्चित गर्न प्रतिबद्ध छौं, समुदायको स्वाभिमान र आत्मनिर्भरता मजबुत बनाउने दिशामा योजनाबद्ध रूपमा अघि बढ्ने छौं ।'

महासंघले आगामी कार्ययोजना अन्तर्गत संघीयता कार्यान्वयनमा आदिवासी जनजातिको भूमिका सुदृढ गर्ने, शिक्षा, स्वास्थ्य, रोजगारी तथा भाषा-संस्कृति संरक्षणमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने जनाएको छ। साथै, स्थानीय, प्रदेश र संघीय तहमा नीति तथा कानुन निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्ने लक्ष्य पनि सार्वजनिक गरिएको छ ।

लुम्बिनीमा प्रज्ञा प्रतिष्ठान गठनका लागि विधेयक पेस

सन्देश संवाददाता

दाङ/लुम्बिनी प्रदेश सरकारले लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि कानुनी पकिया प्रारम्भ गरेको छ । सरकारले प्रदेशको कला, संस्कृति संरक्षण गर्ने उद्देश्यले लुम्बिनी प्रज्ञा प्रतिष्ठान गठन गर्ने लक्ष्य लिएको छ । सोमबार बसेको प्रदेशसभा बैठकमा सरकारले प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि बनेको विधेयक पेस गरेको छ । उद्योग, पर्यटन तथा यातायातमन्त्री पचण्डविक्रम न्यौपानेले विधेयक पेस गरेसँगै प्रतिष्ठान गठनका लागि कानुनी बाटो प्रारम्भ भएको हो ।

संसदमा पेस भएको यो विधेयकउपर संसदमा दफाबार छलफल भई विषयगत समितिमा छलफलका लागि जानेछ र विधेयक पारितका लागि पुनः संसदमा जानेछ । संसदले यो विधेयकलाई पास गरेपछि प्रमाणीकरणका लागि यो विधेयक प्रदेश प्रमुख समक्ष पेस हुनेछ । प्रदेश प्रमुखले यसलाई प्रमाणीकरण गरेपछि प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि यसको गठन प्रकिया प्रारम्भ हुनेछ । मन्त्रिपरिषद् बैठकले प्रदेशमा प्रज्ञा प्रतिष्ठान गठन गर्ने निर्णय गरेको थियो ।

उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले प्रतिष्ठान गठनको अपरिहार्यता खुलाउँदै यसको गठनका लागि निर्णय गर्न मन्त्रिपरिषदमा प्रस्ताव पेस गरेको थियो । 'प्रदेशमा प्रज्ञा प्रतिष्ठान गठन अपरिहार्य छ, यसका लागि संसदमा विधेयक पेस भएको छ,' लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले भने, 'अब प्रसंतिष्ठान गठनका लागि कानुनी प्रकिया अगाडि बढेको छ।' प्रदेशको भाषा, प्राचीन धर्म, मौलिक संस्कार, संस्कृति, कला, साहित्य, संगीत र बौद्धिक सम्पत्तिजस्ता प्रदेशको मौलिकतासँग सम्बन्धित विषय व्यवस्थित गर्न प्रतिष्ठान गठन आवश्यक रहेको जनाइएको छ ।

यथार्थमा आधारित बजेट ल्याउने तयारीमा प्रदेश सरकार

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी आर्थिक वर्षको बजेट प्रदेशको वास्तविक अवस्थाअनुसार तयार गरिने बताएका छन् । सोमबार राप्ती उपत्यका (देउखुरी)मा आयोजित संसदीय बजेट कार्यालयसम्बन्धी छलफल कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उनले बजेटलाई यथार्थपरक र कार्यान्वयनमुखी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

'हाम्रो अवस्था जे छ, त्यही आधारमा बजेट ल्याउँछौं । अघिल्लो वर्ष प्रयास गरे पनि प्राविधिक कारणले त्रुटि भयो, अबको बजेट वास्तविकतामा आधारित हुनेछ,' मुख्यमन्त्री आचार्यले भने उनले आयोजना बैंकमार्फत सिफारिस भएका योजना मात्रै बजेटमा समावेश गर्ने तयारी भइरहेको जानकारी दिए । योजना छनोटमा प्रणालीगत सुधार आवश्यक रहेको उल्लेख गर्दै उनले योजना बैंकमार्फत योजना छनोट गर्ने परिपाटी विकास गरिने बताए ।

सभामुख तुलाराम घतीमगरले बजेट तर्जुमा प्रक्रियालाई वस्तुगत र प्रभावकारी बनाउन पहल भइरहेको बताए । प्रदेश सभा सचिव दुर्लभकुमार पुन मगर, उपसचिव लोकमणि पाण्डे तथा अर्थशास्त्री एवं पूर्वयोजना आयोग सदस्य डा. सुदनकुमार बलौले बजेट प्रणाली, चुनौती र सुधारका उपायबारे प्रस्तुति राखेका थिए । छलफलमा संसदीय बजेट कार्यालय (पिबिओ) स्थापना आवश्यक रहेकोमा जोड दिइएको छ। बजेटको भाषा, संरचना, प्रभाव र औचित्य बुझ्न प्रदेश सभा सदस्यलाई सहयोग गर्ने संयन्त्रका रूपमा (पिओबी)लाई प्रदेश सभामा स्थापना गर्नुपर्नेमा जोड दिइएको हो ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं ।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला ।

सम्पर्क :

९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ । ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने